# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७७

## गोलबजार नगरपालिका
## सिरहा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेश नं.१ र प्रदेश नं.२ प्रदेश लेखापरीक्षण
महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या : २०७६।७७ मिति: २०७७।३।२६
च.नं. २६७

श्री नगर प्रमुखज्यू,
गोलबजार नगरपालिका,
सिरहा ।


**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन,२०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(विन्दु विष्ट)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।



(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी  विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते ।

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रदेश नं.१ र प्रदेश नं.२ प्रदेश लेखापरीक्षण
महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्या: २०७६।७७ मितिः २०७७।३।२१

च.नं १४०

श्री नगरप्रमुखज्यू,
गोलबजार नगरपालिका,
सिरहा ।

**विषय: लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय**

हामीले गोलबजार नगरपालिका, सिरहाको आर्थिक वर्ष २०७५।७६ को बित्तीय विवरण र त्यससङ्ग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससङ्ग सम्बन्धित आय व्यय बिबरणले स्थानीय तहसङ्ग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु. ४ करोड ४४ लाख ४३ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ६६ लाख, नियमित गर्नुपर्ने रु ५८ लाख ८० हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. २ करोड ८० लाख ७३ हजार र पेश्की रु.३८ लाख ९० हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६/११/१० मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितको प्रमाण कागजात पेश हुन नआएकोले बेरुजू फछ्र्यौट नभई कायम भएका व्यहोराको अन्तिम प्रतिवेदन पाना तेईस (२३) यसै साथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यकारिणी,नगर प्रमुख र प्रमुख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(विन्दु विष्ट)
नायब महालेखापरीक्षक

# गोलबजार नगरपालिका
## लेखापरीक्षण प्रतिवेदन
## २०७५।७६

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १. | **परिचय:** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न यस गाउँपालीकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो । प्रदेश नं. २ मा अवस्थित यस नगरपालिका अर्न्तगत १३ वडा ७० सभा सदस्य, १११.९४ व.की.मी. क्षेत्रफल र ५२१३७ जनसंख्या रहेको छ । | |
| २. | **सेवा प्रवाह :-** २०७५।०३।३२ मा पारित विनियोजन ऐन अनुसार रु. ४८३०६८०००.०० को बजेट खर्च गर्ने अख्तियारी २०७५।०४।० मा कार्यकारी अधिकृतलाई प्राप्त भएकोमा ९७.६२ प्रतिशत अर्थात रु. ४७१५७३५५४.४९ खर्च गरेको छ । रु. २ करोड २६ लाख ८८ हजार आन्तरिक राजस्व आम्दानी गरेको यस कार्यालयले नागरीकता सिफारिस १२१२, घरबाटो सिफारिस २६७४, नाता प्रमाणीत ७५२, जन्म दर्ता ३२६६, मृत्यू दर्ता १२२ र अन्य दर्ता ५३३४ को गरेको छ । | |
| ३. | **स्थानीय संचित कोष:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकारको आयव्यय हिसावको आर्थिक वर्ष २०७५।०७६ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ : | |

| सि.नं. | आयतर्फ | | सि. नं. | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | ० | १ | **चालु खर्च** | ३१७७३२५८६.८९ |
| | क) नगद | ० | २ | **पूँजीगत खर्च** | १४५६७८८३६.६० |
| | ख) बैंक | ९०१४२८५०.०० | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | ० |
| २ | **राजस्व (आन्तरिक आय)** | ० | | क) ऋण भुक्तानी | ० |
| | क) आन्तरिक राजस्व | २२६८८४८१.७९ | | ख) ब्याज भुक्तानी | ० |
| | ख) राजस्व बाँडफाँड | ८९००७२२१.८४ | | ग) अन्य भुक्तानी | ० |
| | ग) अन्य आयप्रदेशराजस्व बाँडफाँड | ० | ४ | **लगानी** | ० |
| ३ | **वित्तीय हस्तान्तरण** | ० | | ऋण लगानी | ० |
| | क)वित्तीय समानीकरण अनुदान | १४७६०००००.०० | | शेयर लगानी | ० |
| | ख) सशर्त अनुदान | १८३८९६०००.०० | | अन्य लगानी | ० |
| | ग)प्रदेश तथा स्थानिय तह क्षमता विकास कार्यक्रम | ० | ५ | **धरौटी फिर्ता** | ० |
| | घ) सामाजिक सुरक्षा | ६७७८२०००.०० | | **कन्टेन्जीन्सी खर्च** | २१२०७३३.०० |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | ० | ६ | **कोष फिर्ता खर्च चालु** | ४७०५४५५.०० |
| | क)वित्तीय समानीकरण अनुदान | ३१८४०००.०० | | **कोष फिर्ता खर्च पुजिगत** | १३३५९४३.०० |
| | ख) सशर्त अनुदान | १००००००००.०० | ७ | **मौज्दात** | ० |

| | | | | | |
|---|---|---|---|---|---|
| | ग) समपूरक अनुदान | ० | | क) नगद मौज्दात | ० |
| | घ) विशेष अनुदान | ० | | ख) बैंक मौज्दात | १५७२९३१३४.१४ |
| ५ | अन्तर स्थानीय तहबाट प्राप्त | ० | | | ० |
| ६ | वित्तीय व्यवस्था प्राप्ति | ० | | | ० |
| | क) ऋण प्राप्ति | ० | | | ० |
| | ख) साँवा प्राप्ति | ० | | | ० |
| | ग) ब्याज प्राप्ति | ० | | | ० |
| | घ) अन्य प्राप्ति | ० | | | ० |
| ६ | विभिन्न कोषतर्फको आय | ० | | | ० |
| ८ | जनसहभागिता (नगद) | ० | | | ० |
| ९ | विषयगत निकायबाट प्राप्त रकम | ० | | | ० |
| | क्षमता विकास | ३०५०००.०० | | | ० |
| | प्रधानमन्त्री रोजगार | ५७५००००.०० | | | ० |
| | करदायित्व | २०८१६९६.०० | | | ० |
| | कन्टेन्जेन्सी | ४३५९७७२.०० | | | ० |
| | सामाजिक सुरक्षा फिर्ता | १५८०२००.०० | | | ० |
| १० | धरौटी आय | ४३३२६७.०० | | | ० |
| ११ | लगानीको साँवा फिर्ता | ० | | | ० |
| १२ | अन्य विविध आय | ५६२००.०० | | | ० |
| | जम्मा | ६२८८६६६८८.६३ | | जम्मा | ६२८८६६६८८.६३ |

५.१ आम्दानी तर्फ देखाएको कर दायित्व रु २०८१६९६।०० वैक दाखिला गरि प्रमाण पेश हुनु पर्ने रु

५.२ बैक मौज्दात रहेको रकम मध्येवाट वेरुजु खातामा सा.सु. भक्ता वापतको रु ५१२४००।०० प्रधानमन्त्री रोजगार कार्यक्रमको रु २५०००।००, एकीकृत सर्शत चालु तर्फको रु १४१६१२६१।५६ राजश्व खातामा दाखिला गर्नु पर्ने र रु ४३३२६७०० पूजिगत खातवाट धरौटी खातामा जानु पर्ने देखिन्छ ।

२०८१६९६।००

४. **कोषको लेखा परिक्षण गर्दा देखिएका व्यहोरा निम्नानुसार छन् :**

**वजेट पेश गर्ने तथा पारित गर्ने** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै पारीत गर्नुपर्ने व्यवस्था अनुसार पालिकाले २०७५।३।३१ मा वजेट पारित गरी प्रशासकिय अधिकृतलाई २०७५।४।६ मा खर्च गर्ने अख्तियारी दिएको छ ।

५. **आन्तरिक व्यवस्थापन प्रणालीसँग सम्वन्धित देखिएका व्यहोराहरुः-** आन्तरिक नियन्त्रण तथा प्रभाबकारी व्यबस्थापनका लागि यस कार्यालय र तालुक निकाय समेतले निम्न व्यहोराका कामहरु पनि गर्नु गराउनु पर्नेमा पुर्ण रुपमा कार्यान्वयन तथा पालना गरेको पाईएन । नियमानुसार सबै व्यहोराको पालना तथा कार्यान्वयन गर्नु पर्दछ ।

- कार्य विवरणः कार्यालयले कार्य विवरण तयार गरी कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी दिनुपर्नेमा कार्य विवरण तयार गरी जिम्मेवारी दिएको नदेखिएको हुँदा सो तयार गरी अधिकार र जिम्मेवारी दिनुपर्ने देखिन्छ ।
- खरिद योजनाः- खरिद योजना तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ अनुसार सार्वजनिक निकायले वार्षिक दशलाख रुपयाँ भन्दा बढी रकमको खरिद गर्नु पर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने बार्षिक खरिद योजना तयार गरी कार्यान्वयन हुन सकेको देखिएन ।
- भुक्तानी भएको छापः- भुक्तानी भएको छाप भुक्तानी भएका सबै बिल भर्पाइमा भुक्तानी भएको छाप समेत लगाई

<table>
<tr><td></td><td>प्रमाणीत गरि राख्नु पर्नेमा सो अनुसार गरेको पाईएन ।<br>➢ जिन्सी तर्फ मूल्य नखुलेका पुराना सामानको मूल्य कायम गराई राखेको छैन ।<br>➢ सुशासन सञ्चालन (कार्यविधि नियमावली), २०६५ मा हरेक सार्वजनिक निकायले नागरिक बडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नु पर्ने व्यवस्था रहेकामा त्यस्तो संयन्त्र तर्जुमा गरेको पाइएन ।<br>बिभिन्न ऐन नियम एवं कार्यविधिहरुमा रहेका उल्लिखित प्रावधानहरुको पालना गरी आन्तरिक नियन्त्रणलाई थप प्रभावकारी बनाउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>६.</td><td>वजेट तथा कार्यक्रम तर्जुमा: स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरि आगामी वर्षको नीती तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । तर नगरपालिकाले सो अनुसार दोहोरोपन आउन नदिने गरी कार्यक्रम तय गरेको छैन । अत: दोहोरो पना हुने गरी योजना छनोट गर्ने परम्परामा सुधार हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>७.</td><td>कानून तथा कार्यविधि निर्माण सम्वन्धमा: स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२(३) मा स्थानीय तहले निर्माण गरेका कानून स्थानीय राजपत्रमा प्रकाशित गर्नु पर्ने व्यवस्था र १०२(५) मा स्थानीय तहले निर्माण गरेका कानून स्थानीय राजपत्रमा प्रकाशित नगरे सम्म लागु नहुने व्यवस्था रहेको छ । यस पालिकाले आर्थिक वर्ष २०७५।७६ मा देहायका ऐन नियम, कार्यविधि पारित गरेपनि राजपत्रमा प्रकाशन गरेको छैन । अत ऐन नियम, कार्यविधिहरुलाई राजपत्रमा प्रकाशन गर्नु पर्दछ । भन्ने सम्बन्धमा छलफल हुदा यस बर्ष देखि राजपत्र छपाई भएको व्यहोरा जानकारी प्राप्त भयो ।
<table>
<tr><th>क्र.सं</th><th>ऐन, नियम,कार्यविधिको नाम</th><th>प्रमाणिकरण मिति</th><th>राजपत्रमा प्रकाशित मिति</th></tr>
<tr><td>१</td><td>गोलवजार नगरपालिकाका विनियोजन ऐन २०७५</td><td>२०७५/३/३१</td><td></td></tr>
<tr><td>२</td><td>गोलवजार नगरपालिकाको आर्थिक कार्यविधि ऐन २०७५</td><td>२०७५/३/३१</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>८.</td><td>आन्तरिक ऋण: स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६८ बमोजिम पालीकाले वित्त आयोगको सिफारिसमा सम्वन्धित सभावाट स्वीकृत गरी उत्पादनशिल, रोजगारमुलक, आन्तरिक आयवृद्धि तथा पूँजीगत कार्यका लागि आन्तरिक ऋण लिन सक्ने व्यवस्था छ । तर नगरपालीकाले यो वर्ष सो अनुसार ऋण लिएको छैन ।</td><td></td></tr>
<tr><td>९.</td><td>स्थानीय तथ्यांक र अभिलेख : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ वमोजिम नगरपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । यस गाँउपालीकाले स्थानीय तथ्यांक सम्वन्धी निती, कानून र सोको मापदण्ड बनाएको छैन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा जोड दिन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट र कार्यान्वयनले उचित सार्थकता नपाउने हुदा नगरपालीकाले प्रभावकारी रुपले अभिलेख संकलन तथा व्यवस्थापन गर्नु जरुरी छ ।</td><td></td></tr>
<tr><td>१०.</td><td>चौमासिक खर्च: आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजिम स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार कुल पुजीगत खर्च रु १४ करोड ५६ लाख ७८ हजार मध्ये प्रथम चौमासिकमा २०.०० प्रतिशत, दोश्रो चौमासिकमा ३५ प्रतिशत र तेश्रो चौमासिकमा ४५ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा ३० प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । अत सन्तुलित रुपमा वजेट खर्च गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>११.</td><td>सशर्त अनुदान - संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.०७४।७५ च.नं.१०६४, मिति २०७५।३।३ को सशर्त अनुदान रकम फिर्ता सम्बन्धी विषयको पत्र अनुसार विभिन्न तीन किस्तामा स्थानीय तहमा हस्तान्तरण भएको र सशर्त अनुदानमा मुख्यतया शिक्षा, स्वास्थ्य र कृषि पशु पंक्षी मन्त्रालय लगायतबाट प्राप्त भएको र आषाढ मसान्तसम्म खर्च हुन नसकेको रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा नगरपालिकाले रु.१४१६१२६१.५६ खर्च नभई बाँकी रकम स्थानीय सञ्चित कोषमा जम्मा गरेकोले उक्त रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु
<table>
<tr><th>क्र.सं</th><th>अनुदानको किसिम</th><th>जम्मा अनुदान</th><th>खर्च</th><th>बाँकि (फ्रिज हुनुपर्ने)</th><th>कैफियत</th></tr>
</table></td><td>१४१६१२६१.५६</td></tr>
</table>

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | १ | एकिकृत सशर्त जम्मा | १८३८९६०० ०. | १६९७३४७३८.४४ | १४१६१२६१.५६ | | |

| | | |
|---|---|---|
| १२. | **बरबुझारथ :** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाँउपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका गाँउविकास समितिको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । | |
| १३. | **स्रोत नक्सांकन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक गाउँपालिका र नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा नगरपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन । | |
| १४. | **आर्थिक विवरण :** गाउँपालिकाको लेखा दोहोरो श्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी लेखा राख्नु पर्दछ । नगरपालिकाले सो अनुसार लेखा राखेको देखिएन । यसरी तयार गरिएका आर्थिक विवरणले वास्तविक आय र खर्चको स्थिति देखाउदैन भने शीर्षकगत खर्चको स्थिति समेत मुल्यांकन गर्न सकिने स्थिति देखिएन । | |
| १५. | **कल्याण कोष :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीको लागि निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधि उपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । स्थानीय तहले कार्यालयलाई कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले कर्मचारी कल्याण कोषको व्यवस्था गरेको छैन । | |
| १६. | **वातावरणीय प्रभाव :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा नगरपालिका क्षेत्रमा स्थल, जल, वायू तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । गाउँपालीकाले यो वर्ष वातावरण संरक्षण, नगर र नदी सफाइ कार्यक्रम चलाएको विवरण पेश गरेको छैन । वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । सालबसाली सरसफाईको काममा गाउँक्षेत्रको सडक सफाइ, फोहोर संकलन गरी ढुवानी केन्द्रमा जम्मा गर्ने, नियमित सरसफाई, सिनो व्यवस्थापन, भूस्याहा कुकुर नियन्त्रण, लास व्यवस्थापन र नदी सरसफाई पर्दछन् । यसरी वातावरण तथा विपत व्यवस्थापनमा बजेट व्यवस्था गरेको छैन । | |
| १७. | **सरकारी तथा सार्वजनिक जग्गाको उपयोग तथा संरक्षण** स्थानीय सरकार सन्चालन ऐनको दफा ९७ मा गाउपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्ति, आफ्नो कोषबाट बनेको, खरिद भएको वा नेपाल सरकार, प्रदेश सरकार, कुनै संस्था वा व्यक्तिले दिएको सम्पत्ति, ढल, नाला, पोखरी, धार्मिक स्थल, पाटी, पौवा, घर, कुवा, धारा, इनार, गौचर, पानीघाट, निकास, चोक, गल्ली, सडक, बाटो सडकको दायाँबायाका रुख, आफ्नो स्वामित्वमा रहेको भवन, जग्गा, पार्क, उद्यान, चौतारो, बसपार्क वा अन्य संरचना, राष्ट्रिय निकुन्ज, वन्यजन्तु आरक्ष, सीमसार क्षेत्र तथा राष्ट्रिय वन बाहेक आफ्नो क्षेत्राधिकारभित्रको अन्य वन, संविधान र प्रचलित कानून बमोजिम नेपाल सरकार वा प्रदेश सरकारको क्षेत्राधिकार बाहेकको अन्य प्राकृतिक सम्पदा लगायतका सम्पत्तिको अद्यावधिक अभिलेख राखि त्यस्ता सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने व्यवस्था रहेको देखिएपनी त्यस्ता सम्पत्तिको अद्यावधिक अभिलेख तथा Digitizeगरी रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध समेत गरेको देखिएन ।साथै गाउपालिकाको सार्वजनिक जग्गाको अद्यावधिक अभिलेख नराखिएको कारणबाट सार्वजनिक पर्तिको रुपमा रहेका जग्गाले ओगटेको क्षेत्रफल पुरै सावुद रहे नरहेको र ऐनको दफा ९७ बमोजिम गाउपालिकाले सार्वजनिक तथा सामुदायिक सम्पत्ति बेचबिखन गर्न वा अरु कुनै ब्यहोराले हक हस्तानतरण गर्न लिजमा दिन नपाउने व्यबस्था भएपनि सार्वजनिक जग्गा कसैले उपयोग गरे नगरेको एकिन हुने अवस्था देखिएन । | |
| १८. | **करदाताको अभिलेख :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५८ मा नगरपालिकाले आफ्नो क्षेत्रभित्र ब्यापार, ब्याबसाय वा सेवामा पुजिगत लगानी र आर्थिक कारोवारको आधारमा ब्यबसाय कर लगाउने ब्यबस्था छ । त्यस्तै ऐनको दफा ५५,५६,५७,५९,६०,६१ र ६२ मा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको घर जग्गामा सम्पत्ति कर, जग्गाको उपयोगमा भुमिकर(मालपोत), कुनै ब्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा,छप्पर,कारखाना,जग्गा वा पोखरी वहालमा वहाल कर,आफुले निर्माण, रेखदेख र संञ्चालन गरेको हाट बजार, पसल र जग्गामा वहाल विटौरी शुल्क, पार्किङ शुल्क, जडिबुटी, कवाडी र | |

जिबजन्तु कर, सेवा शुल्क आदी लगाउन सक्ने व्यबस्था भएपनि करदाताको अभिलेख व्यबस्थित रुपमा राखेको पाइएन ।

१९. **व्यवसाय कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा नगरपालीकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । नगरपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नूपर्नेमा केहि व्यवसायीहरुको लगत राखेको भएतापनि उक्त लगत अद्यावधिक नभएको तथा लगतमा भएका सम्पुर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरेको पाईएन । नगरपालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायहरुको अनुगमन गरेको पाईएन । लेखापरीक्षणका क्रममा नगरपालिकामा अवस्थित व्यवसायी संस्थाहरुको व्यवसाय दर्ता भएको प्रमाण लेखापरीक्षणार्थ पेश नभएकोले व्यवसाय कर एकिन गर्न सकिएन । नगरपालिका क्षेत्र भित्रका व्यावसायलाई व्यवसायीको अभिलेख राखि करको दायराभित्र ल्याउनु पर्दछ ।

२०. **मनोरञ्जन कर** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनूपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७५।७६ मा नगरपालिकाले यस्ता प्रकारका कूनैपनि कर संकलन गरेको पाईएन । यस नगरपालीकाको क्षेत्रभित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरि असुल गर्नुपर्दछ ।

२१. **आय असुलीको तुलनात्मक अवस्था** : पालिकाले यस वर्ष आन्तरिक आय रु ३ करोड ७७ लाख अनुमानित गरेकोमा अनुमानित आयको.३९.१२ प्रतिशत अर्थात रु १ करोड ४७ लाख ५० हजार असुलि गरेको छ भने लक्ष्य निर्धारण भए अनुसार कम आय असुलिको कारणहरु विश्लेषण गरी सुधारका उपायहरु अबलम्बन गरेको पाइएन ।

| आय शिर्षक | अनुमानित आय | प्राप्त रकम |
|---|---|---|
| ११३१२संस्थागत सम्पतिमा लाग्ने कर | १६९०००००.०० | |
| ११३१३ एकिकृत सम्पत्ति कर | ४५०००००.०० | |
| ११३१४ भुमिकर/मालपोत | २००००००.०० | |
| ११३२१ घरबहाल कर | ५०००००.०० | |
| ११३२२ बहाल बिटौरी कर | ८००००००.०० | |
| ११६१३ ब्यबसाय रजिष्ट्रेशन दस्तुर | १५०००००.०० | |
| १४२४२ नक्सापास दस्तुर | १००००००.०० | |
| १४२४३ सिफारीश दस्तुर | २८०००००.०० | |
| १४२४५नाता प्रमाणित दस्तर | ५०००००.०० | |
| १४५२९ अन्य राजश्व | ६००००००.०० | |
| जम्मा | ३७७००००० | १४७५०२४७.७२ |

२२. **रसीद नियन्त्रण खाता :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले आन्तरिक आम्दानी हुने रकमहरूको नगदी रसिद कट्टी गरी त्यसलाई दैनिक आम्दानी किताबमा प्रविष्ट गरी तोकिएको समयमा बैङ्क दाखिला गर्नुपर्दछ । कार्यालयले राजश्व असूलीमा प्रयोग हुने रसिदको छपाई एवं विगतको बाँकी र यो वर्ष खर्च भई आगामी वर्षको लागि जिम्मेवारी सारेको तथा वडाहरुमा पठाएको रसिदको आम्दानी खर्च (उपयोग) खुल्ने अभिलेख रसीद नियन्त्रण खाता अद्यावधिक नगरेकोले राजश्व असूलीमा प्रयोग हुने रसीद उपर्युक्त ढङ्गवाट प्रयोग भएको छ भन्न सकिने आधार भएन । आम्दानी जस्तो संवेदनशिल विषयमा गम्भिर भई रसीदको प्रयोगलाई व्यवस्थित बनाइनुपर्दछ।

२३. **राजश्वको सफ्टवेयर** : नगरपालिकाले राजश्व असूलीलाई व्यवस्थित बनाउन साङ्ग्रीला माइक्रोसिस्टम प्रा.लि. ले तयार गरेको MAS (Municipality Accounting System) सफ्टवेयर प्रयोगमा ल्याएको भएता पनि वडा कार्यालयहरुले मेनुअल माध्यमबाट आम्दानीको अभिलेख गरेको देखिएको छ । यस सम्बन्धमा आगामी दिनमा पूर्ण रुपमा सफ्टवेयर बाट आम्दानीको अभिलेख राखिने नगरपालिकाको भनाई रहेको छ । पालिकाले पुर्ण रुपमा सुरक्षित सफ्टवेयरको प्रयोग गरी राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थित गर्ने तर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

२४. **आय ठेक्कामा मुअकरः** मुल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १५ (३) मा स्थानिय तहले मुल्य अभिबृद्धि कर लाग्ने बस्तु वा सेवा बिकि गर्दा कर असुल उपर गनुपर्ने ब्यबस्था छ । नगरपालिकाले देहायका आय ठेक्कामा कार्यपालीकाको बैठकबाट समेत ब्यबसायीले कबोल गरेको रकमलाई मुअकर सहित कबोल रकम मानी ठेक्का लगाउने निर्णयको आधारमा सम्झौता गरी आय असुली गरेकोमा मुअकर दाखिला भएको नदेखिएकोले सम्बन्धित राजश्व खातामा दाखिला गनुर्ने रु

| आय ठेक्काको नाम | ठेक्काब्यबसायीको नाम | सम्झौता मिति | कबोल रकम | सम्झौता रकम | दाखिला नभएको मुअकर |
|---|---|---|---|---|---|
| गागन खोलाको ढुङ्गा,गिटी,बालुवा | गुन्जा कन्ट्रक्सन | २०७५।९।२२ | २५००००० .०० | २५०००००.०० | २८७६१०.६१ |
| घुर्मिखोलाको ढुङ्गा,गिटी,बालुवा | ए.डि. कन्ट्रक्सन | २०७५।९।२३ | ३०००००० .०० | ३००००००.०० | ३४५१३२.७४ |
| | जम्मा | | | | ६३२७४३.३५ |

६३२७४३.३५

२५. **ढुङ्गा, गिटी, बालुवाको परिमाणः** गागन खोला र घुर्मिखोलाको ढुङ्गा,गिटी,बालुवा ठेक्का सम्झौताको बुदा ८ मा सम्झौतामा तोकेको परिमाणभन्दा बढी ढुङ्गा,गिटी,बालुवा उठाउन नपाइने उठाएमा प्रचलित कानुन बमाजिम कारबाही गरिने उल्लेख छ । ठेक्का ब्यबसायीले सम्झौता बमोजिम ढुङ्गा,गिटी,बालुवा निकासीको परिमाण नगरपालीकामा अभिलेख भएको नदेखिएकोले सम्झौताको पालना नहुनुका साथै प्राकृतिक साधनको उचित सदुपयोग हुने अबस्था रहेन ।

| आय ठेक्काको नाम | ठेक्काब्यबसायीको नाम | सम्झौता मिति | आइ.इ.इमा क्षमता परिमाण | आइ.इ.इमा उत्खनन गर्न सकिने परिमाण | सम्झौता परीमाण | निकासी परीमाण |
|---|---|---|---|---|---|---|
| गागन खोलाको ढुङ्गा,गिटी,बालुवा | गुन्जा कन्ट्रक्सन | २०७५।९।२२ | १३७५००घ.मि | ६७३०५ घ.मी | ३७३०५ घ.मी. | अभिलेख नभएको |
| घुर्मिखोलाको ढुङ्गा,गिटी,बालुवा | ए.डि. कन्ट्रक्सन | २०७५।९।२३ | ११५५००घ.मी. | ६७३०५घ.मी. | ३७३०५ घ.मी | अभिलेख नभएको |

२६. **आय दाखिलाः** नगरपालिकाले लगाएको आय ठेक्का सम्झौताको निर्धारित कार्यतालीका बमोजिम ठेकेदारले ठेक्का रकम दाखिला गनुपर्नेमा सम्झौता अबधि भित्र दाखिला नभइ देहाय बमोजिम बक्यौता रहेको छ ।सम्झौता गर्दा बैक जमानत लिइ निर्धारित किस्तामा रकम दाखिला नगरे बैक जमानत जफ्त गनुपर्नेमा बैक जमानत समेत लिएको पाइएन । सम्झौताको शर्त अनुसार दाखिला नभएकोमा जरिवाना समेत दाखिला गर्नुपर्ने रु. ५५४७७०५.९५

| ठेकेदारको नाम | कार्य/ठेक्का | रकम |
|---|---|---|
| गणेश कुमार मुखिया | मलहटोली बाला पोखरी | २००३३३.०० |
| प्रदिप कुमार महतो | असनपुर ३ पुर्बपट्टी पोखरी | ३४०७४.०० |
| नरेन्द्र मल्ल आले | रामकुमारवाला पोखरी | १००००.०० |
| बिजय कुमार यादब | बैरी बाध पोखरी | २१७०००.३३ |
| सन्तोष कुमार सिह | डण्डा पोखरी | १८००००.०० |
| सत्य नारायण मुखिया | कि.नं.३१० पोखरी | ३०००६६.६६ |
| राजकुमार मुखिया | राम जानकी मन्दिरनिरको पोखरी | ३३३६६६.६६ |
| सुवास कुमार यादब | महाजनीवाला पोखरी | १०७३३३.३२ |
| उतिमलाल साह | असनपुर ८ साविक पोखरी | २००६६.६६ |
| राम सागर साह | सिंचाइ बाँध | १०००००.०० |
| लक्ष्मण मण्डल | खातापोखरी | ६७७३३.३२ |
| उतिमलाल साह | साविक असनपुर ३ पोखरी | २३४००.०० |
| अम्विकेश्वर डाँगी | भट्टपोखरी | २५१८५.०० |
| बिन्द कुमार मण्डल | शिबमन्दिर निरकोपोखरी | २१७०००.०० |
| गुलाब देवी महतो | सटरभाडा | ४०९०७७.०० |
| प्रमोद लामा | गाडी भाडा | ४७७००.०० |
| जनक मोचि | सटरभाडा | ९१०००.०० |
| सुरेन्द्रकुमार साह | सटरभाडा | ११९०००.०० |
| राकेश कुमार गुप्ता | गाडी भाडा | ३६२१६०.०० |
| स्काइ कन्सट्रक्सन | पशुहाटबजार | १०८३६६७.०० |
| स्काइ कन्सट्रक्सन | गुदरीबजार | ६६६७००.०० |

| | | | |
|---|---|---|---|
| बिजय कुमार राम | गाडी भाडा | २५२१४३.०० | |
| मनि निर्माण सेवा | खानी संचालन | ६८०४००.०० | |
| | जम्मा | ५५४७७०५.९५ | |

२७. **अमानतको आयः** घुर्मि, मैनाबत्ति र गागन खोलामा २०७५ आश्विन १ देखि ढुङ्गा,गिटी,बालुवा उत्खनन गर्न पाइने भएपनि प्रदेश मन्त्रिपरिषदले करको दर र प्रकृया नतोकेसम्म चोरी पैठारी हुने हुदा पछि प्रदेश सरकारबाट भएको निणय बमोजिम हुनेगरी नगर कार्यपालिकाले सम्बन्धित वडाअध्यक्षको प्रत्यक्ष निरगानीमा अमानतबाट कर संकलन गर्ने निर्णय अनुरुप देहायबमोजिम बडाध्यक्षले नगदी रसिद बुझि लगेकोमा नगदी रसिदबाट असुली रकम दाखिला नभएकोले सम्बन्धितबाट असुल गरी दाखिला गरीनुपदर्छ ।

| पद र नाम | वडा नंवर | ठेलि संख्या | प्रयोग स्थान |
|---|---|---|---|
| वडाअध्यक्ष रामपुकार काम्ती | ९ | एउटा प्याडमा १०० वटा रसिद भएको ३२ ठेलि | घुर्मिखोला |
| वडाअध्यक्ष देबनारायण महतो | १० | एउटा प्याडमा १०० वटा रसिद भएको ३ ठेलि | घुर्मिखोला |
| वडाअध्यक्ष बसन्त लामा | ६ | एउटा प्याडमा १०० वटा रसिद भएको २ ठेलि | मैनावति खोला |
| वडाअध्यक्ष रामदेब यादब | ११ | एउटा प्याडमा १०० वटा रसिद भएको १ ठेलि | मैनावति खोला |
| वडाअध्यक्ष लक्ष्मण साह | २ | एउटा प्याडमा १०० वटा रसिद भएको ७ ठेलि | गागन खोला |
| वडाअध्यक्ष बालकृष्ण गौतम | ५ | एउटा प्याडमा १०० वटा रसिद भएको ४ ठेलि | गागन खोला |
| वडाअध्यक्ष देब बहादुर मगर | १ | एउटा प्याडमा १०० वटा रसिद भएको २ ठेलि | गागन खोला |

२८. **नगद दाखिला** : आर्थिक कार्यविधि नियमित तथा ब्यबस्थित गर्न बनेको ऐन २०७४ को दफा १३ मा जिम्मेवार ब्यक्तिले आफनो जिम्मामा आएको सरकारी नगदको हकमा सोहि दिन वा भोलिपल्ट तोकिएको बैक खातामा दाखिला गरी श्रेस्ताखडा गनुपर्ने ब्यबस्था छ। त्यस्तै सोहि दफामा दश दिनसम्म ढिलो गरेको भए दश प्रतिशत १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिबाना गरी दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिला गरेको भए २५ प्रतिशत जरीवाना गरी नगद दाखिला गर्न लगाइ कसुरको मात्रा अनुसार निजमाथि विभागीय कारवाही सम्म गर्न सक्ने ब्यबस्था छ । पालिकाको देहाय आम्दानी राजश्व खातामा दाखिला गरेको नदेखिएकोले ऐनको सो ब्यबस्था बमोजिम दाखिला गनुपर्ने देखिन्छ । १८४५.३९

| बिबरण | असुली रकम | दाखिला रकम | दाखिला नभएको रकम |
|---|---|---|---|
| वडा नंवर ६ | ९८८५४.०६ | ९७००८.६७ | १८४५.३९ |

२९. **विद्युतिय लेखा** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेख नियन्त्रकको कार्यलयले निशुल्क रुपमा उपलब्ध गराई २०७५।४।१ देखि सवै पालिकाहरुले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । सफ्टवेयरले पेश्कि रकमलाई दोहोरो वजेट खर्च देखाउने, भौचरहरु सहज तरिकाले परिमार्जन गर्न मिल्ने देखिएकोले विद्युतिय प्रणालीमा राखिएको लेखा भरपर्दो देखिएन । साथै नगरपालिकाले २०७५ श्रावण १ गते दखि २०७६।१।१७ सम्मको कारोवार शुत्रमा हिसाव राखेको र सो पश्चात शुत्र प्रयोग नगरेकोले हिसाव एकिन हुन नसक्ने आउन सक्छ ।

३०. **सुशासन ऐन तथा सूचनाको हक कार्यन्वयन अवस्था** सूचनाको हकसम्बन्धी ऐन, २०६४ मा सार्वजनिक निकायले आफ्नो निकायसंग सम्बन्धित विभिन्न सूचनाहरु प्रकाशन गर्नुपर्ने व्यवस्थाका साथै, सुशासन ( व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ मा सरकारी निकायले आफूले एक आर्थिक वर्षभरी सञ्चालन गरेका कार्यक्रम, सम्पादन गरेका काम र प्रगति तथा लागत लगायतका विषयहरु समावेश गरी वार्षिक प्रतिवेदन तयार गर्नुपर्ने प्रावधान रहेकोछ । यि प्रावधान अनुसार नगरपालीकाले आ.व. २०७५/७६ मा गरेका कार्यहरु समेटेर वार्षिक प्रतिवेदन तयार गरी प्रकाशन गरेको र वेभसाइडमा अपलोड गरेको छैन ।

३१. **सार्वजनिक परिक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परिक्षण अर्न्तगत सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । सो अनुसार सार्वजनिक परिक्षण गरेको छ तर सुनुवाई गरेको छैन ।

३२. **योजना र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना वनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले यस्तो कार्य कार्यन्वयनमा ल्याएको छैन । जस्तैः जनजाती जनचेतना अभिवृद्धि, जेष्ठ नागरीक सम्मान (वडा ६) झुल वितरण (वडा १३), मेयर गोल्ड कप जस्ता साल बसाली कार्यमा समेत बजेट

विनियोजन गरी खर्च गरेको छ ।

३३. **आन्तरीक लेखापरीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) तथा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १६(२) मा प्रत्येक कार्यालयले सवै प्रकारका आय व्ययको लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ । त्यस्तै नियमावलीको नियम ९६ वमोजिम कार्यालय प्रमुखले आफ्नो कार्यालयको राजस्व, धरौटी तथा विनियोजन तर्फको आय व्यय तथा खडा भएको कार्य सञ्चालन कोष तथा अन्य कोषको आन्तरिक लेखापरीक्षण सम्बन्धीत कोष तथा लेखा नियन्त्रक कार्यालयबाट गराउनु पर्दछ भन्ने व्यवस्था रहेको छ । सो अनुसार ले.प. गराउदाँ प्रभावकारी ढंगबाट गराउनुपर्दछ ।

३४. **सभाको निर्णय कार्यान्वयन -** मिति २०७५।०३।३२ मा सम्पन्न नगरपालिका सभाबाट पारित कार्यक्रम र कार्यान्वयनको अवस्था को फलोअप रजिष्टरमा अभिलेख राखेको छैन । सभावाट वजेट पारित हुदा मेयरलाई ८० लाख उप मेयरलाई ४० लाख र प्रत्यक वडाध्यक्षलाई रु १० लाखका दरले रु १ करोड ३० लाखवाट आफु खुसी योजना छनौट गरी कार्यान्वयन गर्न सक्ने गरी वजेट विनियोजन गरेको छ। सो रकम वाट के कस्ता कति योजना सन्चालन र सम्पन्न भए पालिकाले फलोअप रजिष्टर नराखेकाले योजनाको विश्लेषण गर्न सकिएन । त्यस्तै समपुरक कोषमा रु ९० लाख वजेट विनियोजन गरेकोमा सो वाट के कति कार्य सम्पन्न भयो विवरण पेश हुन आएन ।

३५. ब.उ.शि.नं. ८०१७६९३ (अन्तर सरकारी वित्तिय हस्तान्तरण) चालु

**सफ्टवेयर खरिद, निर्माण तथा प्रमाणिकरण :** नेपाल सरकारको सूचना प्रविधि प्रणाली(ब्यवस्थापन तथा संञ्चालन) निर्देशिका, २०७१ को बुदा ४ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट संञ्चालन गर्नको लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणाली निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न केन्द्रीय निकाय मार्फत सुचना प्रविधि विभागमा पठाउनुपर्ने, प्राप्त भएको कागजका आधारमा प्राविधिक समितिबाट जाँचबुझ गराई मानक बमोजिम पाइएमा विभागले तीस दिनभित्र प्रमाणीकरण गर्ने व्यवस्था छ । स्थानीय तहले प्रयोगमा ल्याएको कम्प्युटर सफ्टवेयर आफ्नो कार्यसम्पादन, सेवाप्रवाह, लेखा तथा प्रतिवेदनको लागी प्रयोग गर्दा विभागबाट प्रमाणीकरण नगराइ प्रयोगमा ल्याउने गरेको पाईएको छ । विभागबाट प्रमाणीकरण नगराइ सफ्टवेयर प्रयोगमा ल्याउदा युजरलगको व्यवस्था, डिजिटल हस्ताक्षर मैत्रि (PKI Software Enabled) समेत सूविधा नहुने हुदा Governmentent Enterprise Architecture आधारित स्वीकृत मापदण्डको सफ्टव्यर नहुने देखिन्छ । मापदण्ड वेगरका यस्ता सफ्टवेयरहरु प्रयोग गर्दा कार्य गुणस्तरिय नहुने र कतिपय अवस्थामा यथार्थ आम्दानी खर्चको हिसाव नभएको समेत देखिएको छ । नगरपालिकाले सफ्टवेयर प्रयोग गर्दा कानूनअनुसार प्रमाणीकरण तथा स्वीकृत गराएको सफ्टवेयर प्रयोग गरीनुपर्दछ ।

| ब.उ.शि.नं | गो.भौ.नं /मिति | आपुतिकर्ता | सफ्टवेयर | खर्चरकम |
|---|---|---|---|---|
| समानिकरण पुजीगत | १६९/०७६/३/३० | सारथी टेक्नोसफ्ट प्राली | मालपोत सम्वन्धी | ४९२६८०. |
| समानिकरण पुजीगत | १७८/०७६/३/३० | पूर्वान्चिल डिजिटल मिडिया टेक्नोलोजी प्रा.ली. | नगदी रसिद सम्वन्धी | ४९७२००. |
| समानिकरण पुजीगत | १९५/०७६/३/३१ | सार्थक इन्जीनियरीङ्ग कन्सल्टेन्सी प्रा.ली. | पि.आई.एस. | ४९६०७०. |

३६. **खरिद योजना** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ उपनियम(१)मा सार्वजनिक निकायले बार्षिक दशलाख रुपैया भन्दा बढि रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक बर्षको अनुमानित बार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक बर्षमा गर्ने बार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ ।त्यस्तै सोहि नियमको उपनियम(५)मा सार्वजनिक निकाय प्रमुखले चालु आ. व.को स्विकृत बजेट तथा कार्यकम प्राप्त भएपछि सो अनुरुप यो नियम बमोजिम तयार भएको बार्षिक खरिद योजना परिमार्जन गरी स्वीकृत गनुपर्ने ब्यवस्था छ । पालिकाको कार्यालय सञ्चालन सम्बन्धित बार्षिक बजेट स्विकृत भएपनि बार्षिक खरिद योजना तयार नगरी पटक पटक टुका खरिद गरी खरिद गरेको छ । कानून बमोजिम बार्षिक खरिद योजना तयार गरी खरिद कार्य गरिनुपर्दछ ।

३७. **स्थानीय तहका पदाधिकारी सुविधाः** नेपालको संविधानको धारा २२७ मा गांउँसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार प्रदेश नं २ प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुबिधा सम्बन्धी ऐन २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार यस नगरपालिकाले देहाय बमोजिम रु. १०६९८०००।०० सुविधावापत भुक्तानी भएको छ

| विवरण | प्रमुख/अध्यक्ष | उपप्रमुख | वडा अध्यक्ष १३ जना | कार्यपालिका सदस्य ८ जना | सभाका सदस्य ४५ जना | जम्मा |
|---|---|---|---|---|---|---|
| मासिक सुविधा | ३५०००।०० | ३१०००।०० | २२०००।०० | २२०००।०० | ७०००।०० | १०११६०००।०० |
| सञ्चार सुविधा ( मासिक दरमा) | ३०००।०० | २०००।०० | १०००।०० | १०००।०० | ५००।०० | ५८२०००।०० |
| इन्धन | ५० लि. डिजेल | ३५ लि. डिजेल | १५ लि. पेट्रोल | १५ लि. पेट्रोल | | |

३८. **कर्मचारी अतिरिक्त समय खर्चः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८८ मा स्थानीय तहका कर्मचारीको सेवासुविधा प्रदेश सरकारले तोकेवमोजिम हुने र प्रदेश सरकारले नतोकेसम्म नेपाल सरकारले तोकेबमोजिम हुने उल्लेख छ । कार्यालयले यस वर्ष नेपाल सरकार तथा प्रदेश सरकारले व्यवस्था गरेको भन्दा बाहेक प्रोत्साहन भत्ता (अतिरिक्ति समय भत्ता) समेत देहाय बमोजिम रु २९५९५०।०० खर्च लेखेको देखियो । नेपाल सरकारले कर्मचारीलाई कार्य गरेवापत मासिक तलव भत्ताको व्यवस्था गरेकोमा बिभिन्न प्रकृतिका भत्ता तथा अतिरिक्त समय कार्य गरी भत्ता वापत खर्च लेख्न मिल्ने कानुनी आधार नदेखिएकोले यस्ता खर्चमा नियन्त्रण हुनु पर्दछ । सो सम्बन्धमा छलफल हुदा तेस्रो नगर सभाका निर्णय नं. ३४.३ अनुसार निम्नानुसार भुक्तानी भएको छ ।

| ब.उ.शि.नं | गो.भौ.नं /मिति | बिबरण | अवधि | वापत | भत्ता |
|---|---|---|---|---|---|
| नगरपालिका चालु | ३०७।२०७६।३।२३ | १ जना कर्मचारी | २ महिना | प्रोत्साहन भत्ता | २२५००.०० |
| नगरपालिका चालु | ३१९।२०७६।२।९ | २ जना कर्मचारी | | प्रोत्साहन भत्ता | ५४४५०.०० |
| नगरपालिका चालु | ३८६।२०७६।३।३१ | १२ जना कर्मचारी | आषाढ | प्रोत्साहन भत्ता | २१९०००.०० |
| | | | | जम्मा | २९५९५० |

३९. **फिल्ड भत्ता**-नेपाल सरकार सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कार्यक्रम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ को २६ अनुसार महंगी भत्ता र स्थानीय भत्ता वाहेक अरु सवै भत्ताहरु खारेज भएकोमा कार्यालयले देहाय बमोजिम कर्मचारीहरुलाई आर्थिक वर्ष २०७५।७६ को फिल्ड भत्ता भुक्तानी गरी खर्च लेखेको छ । यसरी नेपाल सरकारले खारेज गरी सकेको फिल्ड भत्ता भुक्तानी गर्न नमिल्नेमा समेत निम्न कर्मचारीलाई फिल्ड भत्ता भुक्तानी गरेको रु. २८५१२.००

| ब.उ.शि.नं | गो.भौ.नं /मिति | विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| नगरपालिका चालु | १९०।२०७६।११।२६ | २ जना कर्मचारी | २८५१२.०० |
| | | **जम्मा** | **२८५१२.००** |

४०. **वितरणमुखी खर्चः** पूंजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई नियन्त्रण गर्नुपर्नेमा विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा नगरपालीकाले आर्थिक सहायता उपलब्ध गराएको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ मा समेत पूँजी सृजना नहुने खालका कार्यक्रम जुन वितरणमूखी र उपयोगिता नदिने स्थितिमा रहेका खर्च लाई निरुत्साहित गर्न आवश्यक देखिन्छ यस्ता संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानुनी अवस्था समेत छैन । यस्ता कार्यक्रममा नियन्त्रण हुनु पर्दछ ।

| ब.उ.शि.नं | गो.भौ.नं, मिति | नाम | प्रयोजन | रकम |
|---|---|---|---|---|
| नगरपालिका चालु | १०७।२०७५।८।१२ | गोलबजार स्पोर्ट कल्व | नगरस्तरीय खेलकुद | १०८००.०० |
| नगरपालिका पुजिगत | २८।०७६।२।२७ | दोस्रो मेयर गोल्ड कम | खेलकुद | ४५००००.०० |
| | | | **जम्मा** | **१४६०८००** |

४१. **बस्तु वा सेवाको करारमा मुअकर** मुअकर नियमावली, २०५३ को नियम (६ग)मा सरकारी निकाय वा नेपाल सरकारको पुर्ण वा आंशिक स्वामित्व भएको संघ संस्थाले ठेक्का सम्झौता वा करार अन्तरगत आपुर्तिहुने बस्तु वा सेवा वा बस्तु तथा सेवा बापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाइ भुक्तानी गर्दा निजलाइ भुक्तानी गर्ने कर रकमको पचास प्रतिशतले हुन आउने रकम निजको नामवाट सम्वन्धित राजश्व शिर्षकमा जम्मा गरी बाकी रहने कर वापतको रकममात्र भुक्तानी गर्नुपर्ने ब्यबस्था छ ।पालिकाले नियमावली लागू भएको २०७६ जेठ १५ पछिको देहायको ठेक्का सम्झौता वा करारको भुक्तानीमा कर रकमको पचास प्रतिशत हुन आउने रकम सम्वन्धित राजश्व शिर्षकमा जम्मा भएको देखिएन । नियमावलीको सो ब्यबस्था बमोजिम भुक्तानी गर्ने कर रकमको ५० प्रतिशतले हुन आउने रकम सम्बन्धितको नामवाट सम्वन्धित राजश्व शिर्षकमा जम्मा गर्नु पर्ने रु

| ब.उ.शि. नंवर | गोश्वरा भौचर नंवर | आपुर्तिकताको नाम | बिबरण | भुक्तानी मुअकर रकम | जम्मा नभएको रकम |
|---|---|---|---|---|---|
| नगरपालिका चालु | २८८।२०७६।३।१३ | एकासिम टेक्नोलजी प्रा.ली. | योजना ब्यबस्थापन सफ्टवेयर | ४५५००।०० | २२७५०.०० |
| नगरपालिका चालु | २९५।२०७६।३।१९ | सिभिल इरा इन्जिनियरीङ कन्सल्टेनसी | डि.पी. आर नमुना दलित बस्तीको | ५६८७८।०० | २८४३९.०० |
| संघिय हस्तान्तरीत कार्यक्रम पुजिगत | २१०।२०७६।३।३१ | राज कन्ट्रक्सन | | १५२४५।०० | ७६२२.०० |
| संघिय हस्तान्तरीत कार्यक्रम पुजिगत | २१०।२०७६।३।३१ | राज कन्ट्रक्सन | | १७९५६।६३ | ८९७८.०० |
| | | | | जम्मा | ६७७८९ |

६७७८९

४२. **नन्फाईलर :-** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४(१) मा प्रत्येक दर्ता भएको व्यक्तिले तोकिएको अवस्थामा बाहेक कुनै वस्तु वा सेवाको आपुर्ति गर्दा प्रापकलाई कर विजक दिनुपर्ने व्यवस्था छ । त्यस्तै ऐनको दफा १८(१) मा करदाताले प्रत्येक महिना आफुले बुझाउनुपर्ने कर रकम स्वयं निर्धारण गरी सो महिना समाप्त भएको पच्चिस दिन भित्र कर अधिकृत समक्ष तोकिए बमोजिम कर विवरण पेश गर्नुपर्ने ब्यबस्था छ । तोकिएको अबधिमा आपूर्तिकर्ताले मूल्य अभिवृद्धि कर दाखिला गरी करदाता ACTIVEरहनुपर्नेमा IRD Portal मा गइ PAN Search गर्दा करदाता देहाय बमोजिम अबधि देखि ननफाइलर देखिएको छ । नन्फाइलर करदातालाई मूल्य अभिवृद्धि कर भुक्तानी दिदा राजश्व खातामा दाखिला नहुने हुदा मू. अ. कर समायोजन गरेको प्रमाण पेश गर्ने अन्यथा असूल गर्नुपर्ने रु. ५६९१९४.२

| ब उ. शि. नं. | गोश्वरा भौचर नंवर | कार्य | आपुर्तिकर्ता | विजक नंवर मिति | मुअकर रकम | ननफाइलर अवधि |
|---|---|---|---|---|---|---|
| समानीकरण पुजीगत | ६३/०७६/३/१९ | सडक मर्मत ग्राभेल कार्य | ज्योती कन्सट्रक्सन | --/०७६/३/४ | ८३७२०.०० | नम्वर वेगर |
| " | २९/०७६/२/२९ | सडक मर्मत ग्राभेल कार्य वडा ६ | गोन्जा कन्सट्रक्सन | --/०७६/२/१६ | ९६२० | **नम्वर वेगर** |
| " | २९/०७६/२/२९ | सडक मर्मत ग्राभेल कार्य वडा ६ | गोन्जा कन्सट्रक्सन | --/०७६/२/१६ | १००१.०० | **नम्वर वेगर** |
| " | ५१/०७६/३/१३ | " वडा ३ | " | १६/०७६/२/२८ | २०७७९.२० | **दोहोरो नम्वर** |
| " | ५९/०७६/३/१३ | कल्वर्ड निर्माण उ.स.३ | " | १६/०७६/३/६ | २७५६०.०० | **दोहोरो नम्वर** |
| " | ७२/०७६/३/१९ | पक्की नाला उ.स. ४ | मुनाल ईटा उद्योग | ४८५/०७६/३/१५ | २२८८०.०० | २०७५ श्रावण देखि |
| " | १०३/३/२७ | सडक मर्मत तथा विस्तार उ.स. १० | गोन्जा कन्सट्रक्सन | ३५/३/२० | ३९०००.०० | हस्त लिखित विजक समेत |
| " | ११३/३/२९ | सडक मर्मत तथा विस्तार उ.स. १२ | कृष्णा कन्स्ट्रक्सन | ३/३/५ | २९९०० | २०७५ चैत्र देखि |
| " | १४१/३/२९ | सडक मर्मत तथा विस्तार उ.स. २ | गोन्जा कन्सट्रक्सन | ४६/३/३० | ३९००.०० | हस्त लिखित विजक समेत |
| " | १४८/३/३० | धमिनि माता सडक विस्तार उ.स.२,३,६ | गोन्जा कन्सट्रक्सन | ३५/३/१९ | ३१२०००.०० | **दोहोरो नम्वर** |
| " | १५८/३/३० | असनलाल मार्ग बाटो मर्मत २ | गोन्जा कन्सट्रक्सन | ४६/३/३० | ११५५४.०० | **दोहोरो नम्वर** |
| " | १८४/२/२९ | सडक ममर्त ग्राभेल उ.स. ४ | " | --/२/२१ | ७२८०.०० | नम्वर वेगर |
| | | **जम्मा** | | | **५६९१९४.२** | |

४३. उपरोक्तानुसार मध्ये गुन्जा कन्सट्क्सन ले ३ वटा विजक नम्वर दोहोरो जारी गरेकोले एउटै नम्वरवाट दुई वटा मुअकर लिन पाउने व्यवस्था नरहेकोले निम्नानुसार विजकको मुअकर असुल हुनुपर्ने रु ३५१११४.००

| ब उ. शि. नं. | गोश्वरा भौचर नंवर | कार्य | आपुर्तिकर्ता | विजक नंवर मिति | मुअकर रकम | ननफाइलर अवधि |
|---|---|---|---|---|---|---|
| समानीकरण पुजीगत | १०३/३/२७ | सडक मर्मत तथा विस्तार उ.स. १० | गोन्जा कन्सट्रक्सन | ३५/३/२० | ० | हस्त लिखित विजक समेत |
| " | १४८/३/३० | धमिनि माता सडक विस्तार उ.स.२,३,६ | गोन्जा कन्सट्रक्सन | ३५/३/१९ | ३१२०००.०० | **दोहोरो नम्वर** |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| " | १५८/३/३० | असनलाल मार्ग बाटो मर्मत २ | गोन्जा कन्स्टक्सन | ४६/३/३० | ११५५४.०० | **दोहोरो नम्बर** |
| " | १४१/३/२९ | सडक मर्मत तथा विस्तार उ.स. २ | गोन्जा कन्स्टक्सन | ४६/३/३० | ० | हस्त लिखित विजक समेत |
| " | ५१/०७६/३/१३ | " वडा ३ | " | १६/०७६/२/२८ | ० | **दोहोरो नम्वर** |
| " | ५९/०७६/३/१३ | कल्वर्ड निर्माण उ.स.३ | " | १६/०७६/३/६ | २७५६०.०० | **दोहोरो नम्वर** |
| | | **जम्मा** | | | **३५१११४** | |

४४. **लागत अनुमानः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५(१) मा सार्वजनिक निकायले एकलाख भन्दा बढिको मालसामान खरिदको लागि लागत अनुमान तयार गरी ऐनको दफ ५क बमोजिम स्वीकृत गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले यस बर्ष गरेका देहाय बमोजिमका खरिदको लागत अनुमान तयार गरी स्वीकृत गरेको नदेखिएकोले ऐनको ब्यबस्था बमोजिम लागत अनुमान स्वीकृत गरिनुपर्दछ।

| ब.उ.शि.नं. | गो. भौचर नंवर | आपूर्तिकर्ताको नाम | मालसामानको बिबरण | खर्च रकम |
|---|---|---|---|---|
| नगरपालिका चालु | ३१३।२०७६।३।११ | जनक अफसेट प्रिन्टर्स | कक्ष १देखि ९ सम्मको प्रश्नपत्र, कपी छपाइ | २७१५२३.०० |
| नगरपालिका चालु | ३७४।२०७६।३।३१ | अल्द्रा सेवा इनर्जी | प्युरीफायर | १२००००.०० |
| नगरपालिका चालु | ९५।२०७५।७।१९ | पे.फ.चेत बहादुर थापा | खेलकुद सामाग्री | ९५००००.०० |
| नगरपालिका चालु | १२१।२०७५।९।९ | अम्बिका अफसेट प्रेश | प्लेकस ब्यानर | २१८३१६.०० |
| | | | **जम्मा** | **३०२१६०७** |

४५. **ब.उ.शि.नं. ८०१७६९३ (अन्तर सरकारी वित्तिय हस्तान्तरण) पुँजीगत**

**सवारी साधन खरिद -** नगरपालिकाले कार्यालयको लागि आवश्यक सवारी साधन खरिद गर्नको लागि खरिद गर्ने सवारी साधनको लागत अनुमान तथा स्रोत उल्लेख गरी अर्थ मन्त्रालयमा स्वीकृतको लागि पेश गरी अर्थ मन्त्रालयबाट स्वीकृती लिई सवारी साधन खरिद गर्नु पर्दछ। नगरपालिकाले आन्तरीक श्रोतबाट निम्नानुसार गाडी खरीड गरेको छ।

| गो.भौ.नं. र मिति | सवारी साधनको विवरण | आपुर्तकको नाम | खर्च रकम |
|---|---|---|---|
| २२७/०७६/२/६ | स्कारपियो | उषा इन्टरप्राइजेस | ७१२१०००.०० |
| ४५/०७६/३/११ | मोटर साईकल १५ थान | गुप्ता ब्रदर्श अटो ट्रेड | ३७७८४९४.०० |
| ९८/०७६/२/२१ | स्कुटर ६ थान | अमन इन्टरप्राइजेस | ११९३३९९.०० |
| जम्मा | | | १२०९२८९३.०० |

४६. **अग्रीम कर :-** आयकर ऐन, २०५८ को दफा ८८ अनुसार रकम भुक्तानी गर्दा नियमानुसार अग्रिम कर कट्टी गर्नु पर्ने व्यवस्था रहेको छ। तर पालिकाले निम्न कार्यमा कर कट्टी गरेको देखिएन। अत कर कट्टी नगरेको तथा घटी कर कट्टी गरेकोले नपुग कर असूल हुनु पर्ने रु. — ११७०१.९२

| गो.भौ.नं. र मिति | आपूर्तक | भुक्तानीको विवरण | भुक्तानी विजक रकम | कर कट्टी गर्नु पर्ने दर | कट्टी गरेको रकम | नपुग कर |
|---|---|---|---|---|---|---|
| १७८/०७६/३/३० | पूर्वान्चल डिजिटल मिडिया टेक्नोलोजी प्रा.ली. | सफ्टवेयर आपुर्ती | ४९७२०० | १.५ | ० | ६६००.०० |
| १८९/०७६/३/२९ | नायक श्री इन्टरप्राइजेस | कृषि सिचाई वोर्डिङ्ग | १९४९७४ | १.५ | ० | २९२४.६१ |
| १८९/०७६/३/२९ | नायक श्री इन्टरप्राइजेस | कृषि सिचाई वोर्डिङ्ग | १४५१५४ | १.५ | ० | २१७७.३१ |
| | | **जम्मा** | | | | ११७०१.९२ |

४७. **जिन्सी दाखिला** १५२,१५१।०७६।३।३० फर्निचर तथा फिक्चर्स शिर्षकवाट सरस्वती मा.वि.डेस्क वेन्च खरिद उ.स. अध्यक्ष श्री रुदल नायकको निवेदन अनुसार प्र.अ. श्री संजिव कुमार साहलाई रु ४६७४३४।०० भुक्तानी दिएको छ। विद्यालयको लागि खरिद गरेको भनिएको ४८ थान वेन्च र १० थान टेवुल जिन्सी दाखिला गरेको छैन। रु ५३४३२६।३५ को ल.ई. तयार गरी सोही अनुसार कार्यसम्पन्न भएको भनी प्राविधिक रिपोर्टको आधारमा मात्र भुक्तानी गरेकोले जिन्सी दाखिलाको प्रमाण पेश हुनु पर्ने रु — ४६७४३४.००

४८. **वितरण भरपाई १७३।०७६।३।३०** वडा नं. १० को अध्यक्ष निर्देशित वजेट मध्येवाट रु २४७४७०।०० मा ३० थान साइकल खरिद गरी एस. एस. सप्लायर्सलाई भुक्तानी गरेको छ । विद्यार्थीलाई वितरण गर्न खरिद गरेको सामान लेखापरिक्षण अवधि सम्म वितरण नगरी वडा कार्यालयको जिन्सी खातामा आम्दानी वाधी राखेको छ । खरिद भएकै भए ६ महिना सम्म प्रयोगमा आउने गरी वितरण नगरी राख्नाले सामान विग्रन सक्ने भएकोले अविलम्भ वितरण गरी भरपाई पेश हुनु पर्ने रु २४७४७०.००

४९. **धरौटी कट्टी** आपुर्तकवाट कार्य गराउदा सम्झौता वमोजिम विजक रकमको ५ प्रतिशत धरौटी कट्टा गरी भुक्तानी गर्नु पर्नेमा सो गरेको छैन । निम्नानुसार आपुर्तकलाई रकम भुक्तानी गर्दा धरौटी कट्टा नगरेकोले कट्टा गर्ने व्यवस्थानुसार धरौटी कट्टा गर्नु पर्दछ । कट्टा नगरेका केही उदाहरण

| गो भा नं र मिति | आपुर्तकको नाम | कार्य विरण | भुक्तानी रकम | धरौटी रकम |
|---|---|---|---|---|
| १९/०७६/२/१३ | कपिल कन्स्ट्रक्सन | शौचालय निर्माण | २४३९०६.४३ | १०७९२.०० |
| १४०/०७६/३/२९ | ओम प्रकाश कन्स्ट्रक्सन प्रा.ली. | गेष्ट हाउस रोगन | ४९५९३३.०० | २२१७५.०० |

५०. **गुणस्तर परिक्षण :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । यस बर्ष पारित गरेको नीति तथा कार्यक्रम बमोजिम १० लाख भन्दा बढि लागत अनुमान भएका सडक कालोपत्रे, ढलान, भवन निर्माण तथा विधुतिकरण कार्यको गुणस्तरीयता सुनिश्चित नगरी देहाय बमोजिम कार्यको भुक्तानी गरेको देखिएकोले निर्माण कार्यमा गुणस्तरीय सुनिश्चित भएन ।

| बजेट उपशिर्षक | गोश्वरा भौचर | निर्माण ब्याबसायी/उ.स. | कार्य | लागत अनुमान रकम | खर्च रकम |
|---|---|---|---|---|---|
| समानीकरण पुजिगत | १३६।२०७६।३।८ | विधुतीकरण कार्य उ.स. ९ | पोल जडान | १६५६६४४.०० | १५०००००.०० |

५१. **हेभी मेशीनबाट कार्य गराएको :-** सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ९६ (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर एक्साभेटर, रोलर, डोजर, ग्रेडर विटुमिन डिस्ट्रीब्यूटर, विटुमिन ब्वाइलर जस्ता हेभी मेशीनहरु प्रयोग गर्न सकिने छैन भन्ने व्यवस्था गरेको छ । तर कार्यालय सँग सम्झौता गरी वाटो निर्माण र मर्मत गर्ने उपभोक्ता समितिहरुले विभिन्न निर्माण व्यवसायहरु सँग एक्साभेटर, लोडर, जे.सी.वी., बकेट भाडामा लिई निर्माण/मर्मत गरेको छ । कतिपय उपभोक्ता समितिले कार्यालयबाट सम्झौता बमोजिम प्राप्त गर्ने अनुदान रकम भन्दा बढी रकमको भाडाको विल पेश गरेका छन् । भाडामा डोजर लोडर दिने आपूर्तकले विजक जारी गर्दा असूल गरेको मु.अ.कर सम्बन्धीत आन्तरिक राजस्व कार्यलयमा दाखिला गरेको समेत देखिएन । नमूना छनौटको आधारमा लेखापरीक्षण गर्दा देखिएका केही योजनामा एक्साभेटर, डोजर तथा जे.सी.वी.प्रयोग गरी उपभोक्ता समितिले भुक्तानी लिएको रकम अनियमित भएको रु. ५८५१८४१.००

| गो.भौ.नं. र मिति | योजनाको नाम | स्काभेटर,डोजर भाडामा दिने आपुर्तक | भाडा अवधी | कार्यालयको अनुदान | भाडा बापत भुक्तानी रकम |
|---|---|---|---|---|---|
| २१/०७६/२/१३ | धनडाडा नयां सडक नि.उ.स.वडा १ | ॐ शिवम कनस्ट्रक्सन | १२०० घ.मी. | २०००००.०० | २२३७४० |
| ३३/०७६/३/१ | मैनावती नदी नि.उ.स. २ | कारिक महाराज कन्स्ट्रक्सन | ३०१५ घ.मी | ५०००००.०० | ५६२१४६ |
| ४९/०७६/३/१३ | सडक ग्राभेल तथा मर्मत उ.स.२ | वजरंग कन्स्ट्रक्सन सर्भिस | १५ घन्टा | ८७४३०.०० | ३३९०० |
| ६३/०७६/३/१९ | सडक विस्तार र ग्राभेल उ.स.५ | ज्योती कन्स्ट्रक्सन | स्काभेटर | ९५००००.०० | ७२७७२० |
| ६४/०७६/३/१९ | सडक ग्राभेल तथा मर्मत उ.स.३ | कपित कन्स्ट्रक्सन | जे सि भी | ३०००००.०० | ३३५३२३ |

| | | | | | |
|---|---|---|---|---|---|
| ७८/०७६/३/२४ | सडक ग्राभेल तथा मर्मत उ.स.११ | वजरंग कन्स्ट्रक्सन सर्भिस | २० घन्टा | १०००००००.० | ८०७९५० |
| ११३/०७६/३/२९ | सडक ग्राभेल तथा मर्मत उ.स.१२ | कृष्णा कन्स्ट्रक्सन | ११५ घन्टा | ६०००००.०० | २५९९०० |
| १२९/०७६/३/२९ | सडक ग्राभेल तथा मर्मत उ.स.१३ | वजरंग कन्स्ट्रक्सन सर्भिस | | १६७१९१.०० | १८९१६२ |
| १४८/०७६/३/३० | धामिनी माता सडक विस्तार | गुन्जा कन्स्ट्रक्सन | २०० घन्टा | २५०००००.० | २७१२००० |
| **जम्मा** | | | | | **५८५१८४१** |

५२. **कन्टिजेन्सी खर्च :** आयोजना संचालनमा उपभोक्ता समितिलाई जानुपर्ने रकम मध्ये ३ प्रतिशत कन्टिन्जेन्सी कट्टी गरी भूक्तानी गरेको अवस्था छ । आर्थिक वर्ष २०७५।७६ मा विभिन्न योजनाबाट संकलन भएको रु. ४३५९७७२।०० मध्ये विभिन्न मितिको १५ वटा गोश्वारा भौचरबाट रु २१२०७३३.०० खर्च गरेको छ । योजना अनुगमन, कार्यालयको काम, योजना सर्भेक्षण, मर्मत, सुचना प्रकासन र गाडी भाडा रु ११ लाख ३१ हजार लगायतका कार्यमा उक्त रकम खर्च गरेको छ । सार्वजनिक खरिद नियमावली, २०६४ वमोजिम कन्टिन्जेन्सीको रकम खर्च गर्दा ५० प्रतिशत पूँजीगत र ५० प्रतिशत चालु प्रकृतिको खर्च लेख्नुपर्नेमा सो प्रक्रिया अवलम्वन गरेको देखिएन । यसरी खर्च गर्ने प्रक्रियामा नियन्त्रण गरिनुपर्दछ ।

५३. **भुक्तानी:** आर्थिक कार्यविधी नियमावली, २०६४ को नियम ३६ (८) मा बिल भर्पाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । निम्नानुसारका कार्य गर्दा रित प्रकृया नपुर्याएको तथा अमानतवाट कार्य गर्न वडा अध्यक्षले आदेश दिएको र वडा सचिवले कार्य सम्पन्न गरेको भनी रकम बुझिलिएको हुँदा आवश्यक कागजात संलग्न नगरी भुक्तानी दिएको रकम नियमित हुनुपर्ने रु. २७३९३५

| गो भौ नं र मिति | योजनाको नाम/कामको विवरण | लागत अनुमान | भुक्तानी रकम (कर र कन्टेन्जेन्सी कट्टा गरी) | कैफियत |
|---|---|---|---|---|
| १५५/०७६/३/३० | सडकमा ग्राभेल र हुमपाईप वडा ३ | ९५६९८ | ९१५०० | ल.ई.,कार्य सम्पन्न र ठेक्का विल प्रमाणीत नभएको |
| १५७/०७६/३/३० | ग्राभेल र कच्ची नाला निर्माण वडा ३ | ९४२४३ | ९०१६२ | ल.ई. र ठेक्का विल प्रमाणीत नभएको कार्य सम्पन्न तयार नगरेको |
| १५४/०७६/३/३० | माटो कटान र माटो फिलिङ्ग वडा ३ | ९६४८७ | ९२२७३ | ल.ई. र ठेक्का विल प्रमाणीत नभएको कार्य सम्पन्न तयार नगरेको |
| | **जम्मा** | | **२७३९३५** | |

५४. **इजलाज निर्माण** २२६।०७६।३।३१ गाऊ सभाको स्विकृत कार्यक्रम सि.नं. २९५ न्यायिक समिति संचालन खर्च ( इजलाज निर्माण कार्यको लागि रु १० लाख वजेट विनियोजन भएकोमा रु ९९७११४।१२ को लागत अनुमान २०७६।२।३ मा स्विकृत गरेको छ । सो कार्य निर्माणको लागि २०७६।२।३ मा दरभाउपत्र आह्ानको सुचना जारी गरेकोमा ३ दरभाउपत्र दर्ता भएको छ । गुन्जा कन्स्ट्रक्सन गोलवजारको रु ९६४३४१।०० को दरभाउ स्विकृत गरी २।२० मा आशयको सूचना अनुसार जेष्ठ ३१ गते सम्झौता गरी २०७६।३।२० मा कार्य सक्ने गरी कार्यादेश दिएकोमा असार २५ गते राजनितिक दवावको कारण ढलान गर्ने कार्यको वदला छाना हाल्ने कार्य गराउन मेयरवाट स्विकृती लिई थप कार्यको लागत अनुमान तयार नगरी कार्य सम्पन्नको नापी अनुसार रु ८३५४१५।०० (मु.अ.कर र कन्टेन्जेन्सी बाहेक) को कार्य भएको अवस्थामा कार्य सम्पन्न प्रतिवेदनमा रु ८३४४१५।०० को कार्य भएको आधारमा गुन्जा कन्स्ट्रक्सनले विजक नं. ५० मिति ०७६।३।३० वाट रु ८३६०००।०० र मु.अ.कर रु १०८६८०।०० समेत रु ९४४६८० को विजक जारी गरी भुक्तानी गरेको छ ।

५५. **आंशिक भुक्तानी** शत्रुधनको घर देखि शिव मन्दिर हुदै क्याम्पस जाने बाटो पिच गर्ने कार्यको लागि ०७४।७५ को अ.ल्या.र केन्द्रिय राजश्व बाडफाड समेतबाट रु ४५ लाखको वजेट विनियोजन गरी ०७६।१।६ को नगर

कार्यपालिकाको निर्णयानुसार आर.सी.सी. ढलान कार्य गर्ने भनेकोमा २०७६।१।१३ को पत्रानुसार संशोधन गरी पिच गर्न रु ४८२८७५९।०० को लागत अनुमान तयार गरेको छ । सो अनुसार कार्य गर्दा रु ४८२८७०७।०० को कार्य सम्पन्न भएको भनी उपभोक्ता समितिले रकम माग गरेकोमा प्रथम रनिङ्ग विलको रु २४९७७४२।०० मात्र भुक्तानी गरी अन्तिम विलको रु २०४०२५७।०० भुक्तानी गरेको छैन । कार्यसम्पन्न प्रतिवेदन तयार भैसकेको अवस्थामा कार्यालयवाट अनुगमन गर्दा कार्य भएको नदेखिएकोले वाकी रकम भुक्तानी नगरिएको व्यहोरा कार्यालयले जनाएको छ। उक्त कार्य सम्पन्न गराउन पहल गर्नु पर्दछ ।

५६. **ब.उ.शि.नं. ३६५१६०३ स्थानिय पूर्वाधार विकास साझेदारी कार्यक्रम चालु**

यस कार्यक्रमको लागि जिल्ला समन्वय समितको योजना वाडफाड निर्णय अनुसार निम्न वडामा निम्नानुसार वजेट विनियोजन गरी डिप वोरिङ्को कार्य गर्न उपभोक्ता समिति गठन भई उपभोक्ता मार्फत कार्य गराएकोमा उपभोक्ताले विभिन्न आपुर्तकसंग सामान खरिद गरेको तथा सिधै कार्य गराएको विल विजक पेश गरी उ.स. मार्फत आपुर्तकलाई रकम भुक्तानी गरेको छ । कार्य सम्पन्न तथा भुक्तानी रकम भन्दा वढीको विजक जारी गरेको समेत देखियो । वाडफाड योजना निम्नानुसार छ ।

| वडा नं | वजेट रु हजारमा | कामको विवरण |
|---|---|---|
| २ | ३००० | ३ वटा ६ ईन्चको डिप वोरिङ्ग |
| ३ | १००० | ६ ईन्चको डिप वोरिङ्ग |
| ५ | १००० | ६ ईन्चको डिप वोरिङ्ग |
| ७ | ५००० | ३ वटा ६ ईन्चको डिप वोरिङ्ग र १ वटा ८ ईन्चको डिप वोरिङ्ग |
| ९ | ३००० | ३ वटा ६ ईन्चको डिप वोरिङ्ग |
| १० | ४००० | २ वटा ८ ईन्चको डिप वोरिङ्ग |
| **जम्मा** | १७००० | |

भुक्तानी तथा विजक रकमको विवरण निम्नानुसार छ ।

| गो भा नं र मिति | भुक्तानी पाउने उ.स.को नाम | भुक्तानी रकम | कार्य सम्पन्न रकम | आपुर्तकाको नाम | आपुर्तकको विजक रकम |
|---|---|---|---|---|---|
| १/०७६/३/३० | कृषि सिचाई वोरिङ्ग उ.स. | ३८३०००० | १९५३४५६.०० | मनिष डिप वोरिङ्ग ड्रिलिङ्ग सेवा | २०९७७९० |
| | | ० | १९१११८४.८४ | | २००३६८२ |
| २/०७६/३/३० | गोलवजार नपा ९ वोरिङ्ग उ.स. | २८०६२०९ | ८६५७११.५ | पूर्वांचल ग्राउण्ड वाटर टयूवेल उद्योग | १००७८९३ |
| | | ० | ११३८२०८.५३ | | ११९९४३२.०३ |
| | | ० | ९५७५८९.५ | | ९१०६८५ |
| ३/०७६/३/३० | कृषि सिचाई वोरिङ्ग उ.स. २ | २८४४९९४ | १०२९५५०.५ | पूर्वांचल ग्राउण्ड वाटर टयूवेल उद्योग | १०८५०८६.५ |
| | | ० | ९५६२९८.२५ | | १०७१५९४ |
| | | ० | १०७१५९४.२ | | १००४४२४ |
| ४/०७६/३/३० | कृषि सिचाई वोरिङ्ग उ.स. ५ | ८८०२१२ | ९७८०१३.७५ | पूर्वांचल ग्राउण्ड वाटर टयूवेल उद्योग | ९७८०१३.७५ |
| ५/०७६/३/३० | कृषि सिचाई वोरिङ्ग उ.स. ३ | ९८०००० | १०४८८०९.०० | पूर्वांचल ग्राउण्ड वाटर टयूवेल उद्योग | १०४८८०९.०० |
| ६/०७६/३/३० | कृषि सिचाई वोरिङ्ग उ.स. ७ | ४७७८०८५ | १०१३२५४.५० | मनिष डिप वोरिङ्ग ड्रिलिङ्ग सेवा | १०५५०६७.७ |
| | | ० | १०२८३१४.०० | | १०९२८२५.२ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ० | १००१६११.७० | | १०६६६४५.५ |
| | | ० | १९२१७१५.२ | | २०१५३०४.९८ |
| | | १६११९५०० | १६८७५३११.४७ | | १७६३७२५२.६६ |

उपरोक्तानुसार उ.स.लाई रकम भुक्तानी गर्दा कट्टी गरेको अग्रिम कर रु २५०७१८।०० र कन्टेन्जेन्सी रु ४९२७३५।०० समेतको रकम सम्वन्धीत वैकमा मिति २०७६।४।२१ मा मात्र दाखिला गरेको छ ।

५७. **ब.उ.शि.नं. प्रदेश सरकार सशर्त अनुदान**

यस कार्यक्रमको लागि आर्थिक मामिला तथा योजना मन्त्रालय प्रदेश नं. २ जनकपुरको च.नं. ५१९ मिति २०७५।१२।३ को मार्गदर्शन साथ प्राप्त निम्नानुसार योजनाको लागि प्रति योजना रु २५ लाखका दरले रु १ करोड निकासा प्राप्त भएकोमा निम्नानुसार उ.स.लाई निम्न योजना संचालन तथा कार्य सम्पन्न भएको आधारमा रु ८६,६४,०५७.०० भुक्तानी गरी बाकी रकम रु १३,३५,९४३।०० प्रदेश संचित कोषमा मिति २०७६।४।१५ मा फिर्ता दाखिला गरेको छ । भुक्तानी गर्दा कट्टी गरिएको विभिन्न कर मिति २०७६।४।२६ मा सम्वन्धित खातामा दाखिला गरेको छ ।

| गो भा नं.र मिति | योजनाको नाम | उपभोक्ता समितिको नाम | भुक्तानी रकम | लागत अनुमान | कार्य सम्पन्न रकम |
|---|---|---|---|---|---|
| २/०७६/३/२७ | गोलवजार न.पा.१३ मा कब्रिस्थान वाउन्ड्री निर्माण | कब्रिस्थान वाउन्ड्री उ.स.१३ | १२९४०५७.०० | १४२३४६३.५२ | १४२३४६३.५२ |
| ५/०७६/३/३० | न.पा.१३ मा सिमरा डगराहा सिचाईकालागि डिप वोरिङ्ग | डिप वोरिङ्ग निर्माण उ.स. १३ | २५०००००.०० | २८०९९८४.५६ | २८०९९८४.५६ |
| ४/०७६/३/३० | गोलवाजार न.पा. १३ वेतौना दुर्गा मन्दिर निर्माण | दुर्गा मन्दिर निर्माण उ.स.१२ | २३७००००.०० | २८३८२३८.७५ | २६२९०३८.७९ |
| ३/०७६/३/२९ | वडा नं ८ चोहर्वा वजार ढलान | चोहर्वा वजार ढलान समिति ८ | २५०००००.०० | २७०१००१.७९ | २७०१००१.७९ |
| | | जम्मा | ८६६४०५७ | ९७७२६८८.६२ | ९५६३४८८.६६ |

५८. **झोलुङ्गेपुल :** गोलवजार नगरपालिका १० घुर्मि देउराली घाटमा झोलुङ्गे पुल निमार्ण गर्न रु २१८९१८२।६२ को लागत अनुमान भई २०७६।१।२० मा २०७६।३।३१ मा सम्पन्न गर्ने गरी सम्झौता भएको देखिन्छ । संघिय झो. पुर नगरपालिका अनुदान गरी नगरपालिकाबाट रु २०१७६५९।०० दिने गरी सम्झौता भएकोमा प्रथम रनिङ विल वापत रु ४९१४२२।४० तथा दोस्रो रनिङविल वापत रु १७२२४७८।५५ गरि रु रु २२१३९००।९५ को मूल्याङ्कन भई उपभोक्ता समितिलाई यो वर्ष गो.भौ. न १।२०७६।३।३१ बाट रु १३१६३८५। भुक्तानी भएको छ । साविक जिल्ला प्राविधिक कार्यालय बाट लागत अनुमान तयार भएकोमा सो लागत अनुमान तथा कार्य सम्पन्न प्रतिवेदन पेश नभएकोले पेश हुनुपर्ने रु १३१६३८५

५९. **ब.उ.सि.नं. ३६५०१५३ जेष्ठ नागरिक दीर्घसेवा सम्मान तथा सामाजिक सुरक्षा**

**निकासा :-** सरकारले आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका वर्ग क्षेत्र र समुदायका नागरीकलाई सामाजिक सुरक्षा कार्यक्रम मार्फत सामाजिक सुरक्षा प्रदान गर्न यस पालिकाले आर्थिक बर्ष २०७५।७६ मा १३ वडाका १६१५० जनालाई रु ६७२१००००।०० खर्च गरेको देखिन्छ भने यस सम्बन्धमा देखिएका ब्यहोरा देहाए अनुसार रहेका छन ।

६०. **सामाजिक सुरक्षा भत्ता र खर्चको भुक्तानि :** स्थानिय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यबस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धि निर्देशिका २०७४ को बुदा नम्बर ३.५ मा नगद कारोबार गर्दा हुन सक्ने जोखिम कम गर्नको लागी तलब भत्ता लगायत अन्य रकमहरु समेत बैंङ्क खाता मार्फत भुक्तानी गर्ने व्यबस्था मिलाउनु पर्नेछ भन्ने व्यहोरा उल्लेख छ । प्रस्तुत आ.ब. २०७५।०७६ मा सामाजिक सुरक्षाको सम्पूर्ण खर्च रकम रु.६,७२,१०,०००।- पटक पटक गरेर वडागत पेश्कि छुट्याई केहि बडामा बितरण गर्न एकमुष्ट नगद पेश्कि लिएर

वडा, वडामा बितरण गरेको पाईयो । नगदै भुक्तानी गर्दा हुनसक्ने गल्ती, भुल त्रुटी तथा जालसाजी लाई मध्यनजर गर्दै सम्बन्धीत सवैको वैक खाता खोलि एम.आई.एस, तथा वैंकिङ प्रणाली एकआपसमा आबद्ध गरि वैंकिङ प्रणाली मार्फत सा.सु. वितरण गर्न नगरपालिकाको ध्यान जानुपर्दछ । यस वर्ष लाभग्राहीलाई वितरीत भत्ता निम्नानुसार छ ।

| वडा नं. | प्रथम किस्ता | | दोस्रो किस्ता | | तेस्रो किस्ता अन्य वालवालिका समेत | | वार्षिक | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| १ | ३६५ | १६०५६०० | ३६७ | १५९४८०० | ६२७ | १९८४६०० | १३५९ | ५१८५००० |
| २ | ३१८ | १७५३६०० | ३१२ | १७३४८०० | ५७८ | २१४०४०० | १२०८ | ५६२८८०० |
| ३ | ४४५ | २१७६८०० | ४४७ | २१७०६०० | ७११ | २५४८८०० | १६०३ | ६८९६२०० |
| ४ | २९८ | १३४२००० | ३०० | १३२२००० | ४४० | १४९७२०० | १०३८ | ४१६१२०० |
| ५ | २५२ | ११२५२०० | २८५ | १११७४०० | ३६० | १२८४००० | ८९७ | ३५२६६०० |
| ६ | ३९२ | १७९९००० | ३९२ | १७८३६०० | ६०९ | २११६६०० | १३९३ | ५६९९२०० |
| ७ | २५८ | १३९९४०० | ३८८ | १४३२८०० | ४४५ | १७०७००० | १०९१ | ४५३९२०० |
| ८ | २२० | ११९२८०० | ३२२ | ११६८४०० | ३४४ | १३६९६०० | ८८६ | ३७३०८०० |
| ९ | २५५ | ११४६२०० | २६२ | ११०८८०० | ४८५ | १४४८००० | १००२ | ३७०३००० |
| १० | १९७ | ११३२४०० | २०२ | ११८५६०० | २६७ | १५९२००० | ६६६ | ३९१०००० |
| ११ | ४१७ | १९०९८०० | ४०८ | १८७२००० | ७४८ | २३८४८०० | १५७३ | ६१६६६०० |
| १२ | ३८९ | २११७००० | ३९२ | २०८७२०० | ७२३ | २५९३६०० | १५०४ | ६७९७८०० |
| १३ | ५२८ | २२९८६०० | ५२६ | २२२२४०० | ८७६ | २७४४६०० | १९३० | ७२६५६०० |
| कुल जम्मा | ४३३४ | २०९९८४०० | ४६०३ | २०८००४०० | ७२१३ | २५४११२०० | १६१५० | ६७२१०००० |

६१. **एम.आई.एसको विश्वसनियता** पालिकाले प्रयोग गरेको पंजिकरण अभिलेख एम.आई.एसमा वडा नं ३ का लाभग्राही श्री कृष्ण बहादुर मोक्तानको नाम नामावली बाट स्वत हटेको भनि एम.आई.एस भपाई तल बाट नाम थप गरी रु ८०००।० भुक्तानी दिएको पाईयो । एम.आई.एस भरपर्दो र अध्यावधिक नदेखिएकोले भुक्तानी रकम एकिन हुन नसकेको रु ८०००।०

६२. **समयमा फिर्ता नभएको** : आ.व.समाप्त नहुँदै सशर्त प्रकृतिका अनुदानको बाँकि रकम सम्बन्धित खातामा फिर्ता गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले सा.सु. वित्तरण भई बाँकि रहेको रु ५१२४००।००लेखा परिक्षण अवधि २०७६।९।१८ सम्म पनि संघीय संचित खातामा फिर्ता गरेको छैन । अतः उक्त रकम संघीय संचित खातामा दाखिला गरि प्रमाण पेश गर्नुपर्ने रु ५१२४००।००

६३. **अभिलेख एकिनः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधि २०७५ को दफा १३ मा नाम दर्ता र नविकरणबाट आगामी आर्थिक बर्षका लागी कायम हुन आएका लाभग्राहीको बिवरण प्रत्यक स्थानिय निकायले फागुन मसान्त भित्र बिभागले सञ्चालनमा ल्याएको व्यवस्थापन सुचना प्रणाली (एम आइ एस) मा अनिवार्य रुपमा प्रविष्टि गर्नु पर्ने छ । यसरी प्रविष्टि गर्ने कार्य समान्यत सम्बन्धित वडा कार्यालयको हुने छ । तर वडा कार्यालयमा साधन स्रोत तथा जनशक्तिको कमी भएमा स्थानिय तहले आवश्यक व्यवस्था गर्ने छ भन्ने उल्लेख गरेको छ । यस पालिका कार्यालय अर्न्तगत रहेका १३ वटा वडा कार्यालयको अभिलेख अनुसार प्रयाजसो जेष्ठ नागरिक तथा अन्य लाभग्राहीहरु नाम प्रविष्टि आर्थिक बर्ष २०७५।७६ मा गरेको र उल्लेखित ब्यक्तिहरुलाई नै यसै आर्थिक बर्षमा सामाजिक सुरक्षा भत्ता रकम बितरण गरेको देखिएकोले यस पालिकामा सामाजिक सुरक्षा भत्ता पाइ राखेका लाभग्रहीको नामावली कार्यबिधि अनुसार एम.आइ.एस. मा प्रबिष्टि गरेको नदेखिएकोले सामाजिक सुरक्षा भत्ता वापत बितरण गरेको रकम वास्तबिक लाभग्राहीलाई बितरण गरेको हो वा होइन भन्न सकिने आधार देखिएन । यस सम्बन्धमा पालिकाका कार्यालयले वास्तविक लाभग्राहीहरुको बिवरण एकिन गरी एम.आइ.एस. मा प्रविष्टि गरी मात्र भत्ता बितरण गर्नु पर्दछ ।

६४. **बैक मार्फत भत्ता बितरण नगरेको :**सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यबिधि २०७५ को दफा २२ मा मन्त्रालयको स्वीकृती बिना हातहातै नगद भत्ता बितरण गर्न पाइने छैन भन्ने व्यवस्था छ । यस कार्यालयले अन्य वालवालिकाको कुल सख्या उल्लेख नगरी संरक्षकको ल्याप्चे सही छाप गरी बितरण गरेको देखियो । यसरी बितरण गरेको रकमको सार्वजनिक समिक्षा पनि गरेको देखिएन । यसरी बितरण गरेको रकम र्कायबिधिले तोकेको प्रक्रिया पुरा गरेको देखिएन । अत यस पालिका कार्यालयले कार्यबिधिमा उल्लेख भएको व्यवस्था

| | | |
|---|---|---|
| | अनुसार बैक मार्फत सामाजिक सुरक्षा रकम बितरण गर्नु पर्दछ । | |
| ६५. | **बिवरण उल्लेख नभएको:** सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधि, २०७५ को दफा १३ मा लाभग्राहीहरुको फोटो सहितको अनुसुची ५ बमोजिमको मुल अभिलेख खडा गरी वडा अनुसार प्रत्येक वडा कार्यालयमा राख्नु पर्ने ब्यवस्था छ । यस नगरपालिका कार्यालयले आर्थिक बष २०७५।७६ मा बितरण गरेको सामाजिक सुरक्षा भता बितरण भरपाईमा लाभग्रहिहरुको जन्म मिति, नागरिकता नम्बर, र परिचय पत्र समेत उल्लिखित गरेको देखिएन । यसरी भत्ता बितरण गर्दा वास्तबिक लाभग्राही हरुले पाएको हो होइन भन्ने प्रष्ट आधार देखिएन । अत पालिका कार्यालयलबाट बितरण गरिने सामाजिक सुरक्षा भत्ता बितरण भरपाइमा अनुसुची ५ मा उल्लेख भए बमोजिमको जन्म मिति, नागरिकता नम्बर र परिचय पत्र प्रविष्ट गरी बितरण गर्नुपर्दछ । | |
| ६६. | **ब.उ.शि.नं. ८०१७६९३ अन्तर सरकारी वित्तीय हस्तान्तरण शसर्त**<br>**तलबी प्रतिवेदन :-** विद्यालयमा सेवारत शिक्षकहरुको तलब विद्यालय शिक्षक किताव खानाबाट पारित तलवी प्रतिवेदनका आधारमा खर्च लेखिनु पर्दछ । कार्यालयले यस वर्ष विद्यालयमा सेवारत शिक्षकको तलबी प्रतिवेदन पारित नगरी तलब खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नभएको अवस्थामा लेखिएको खर्च सही र यथार्थ परक हो भनि एकीन गर्न सकिएन कार्यालयले शिक्षकको तलबी प्रतिवेदन पारित गरी खर्च लेख्नु पर्दछ । | |
| ६७. | **कार्यक्रमगत खर्च खाता** आर्थिक कार्यविधि नियमावली को नियम ३५ (२) (क) मा कुनै पनि रकम को खर्च गर्दा रकम स्वीकृत बजेट भित्र सम्बन्धित खर्च शिर्षकमा पर्छ र खर्च गर्न बाँकी छ भने खर्च गर्न सकिने उल्लेख छ । त्यस्तै दफा ४५ (क) मा स्वीकृत रकम सम्बन्धित सेवा तथा कार्यक्रम को निमित्त स्वीकृत सिमा भित्र रही सोही प्रयोजनमा खर्च गनुपर्ने उल्लेख भएको कार्यालयले सशर्त अनुदानको विषयगत खर्चको छुट्टाछुट्टै स्रेस्ता खडा गरी वैक नगदी किताबमा प्रविष्ट गरी निकासा खर्च र बाँकी देखिने गरी कार्यक्रमगत खर्च खाता तयार गरी कृयाकलाप अनुसार कृयाकलापको सिमाभित्र रहेर खर्च गनुपर्नेमा सो गरेको छैन । सशर्त तर्फको सम्पूर्ण स्रेस्ता एउटै वैक नगदी किताबमा प्रविष्टी गरेको कार्यकमगत खर्च खाता नराखेको पाइयो जसले गर्दा विषयगत कार्यकम सिमाको परिपालना भएको पाईएन । यसले गर्दा कुन-कुन विषयगत क्षेत्रमा के कति खर्च भएको कुन-कुन कृयाकलापमा कति खर्च भयो एकिन गर्न सकिएन । | |
| ६८. | **लक्ष्य प्रगती विवरण:** बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने निकायले आर्थिक विधि नियमावली, २०६४ को नियम २५ तथा अनुसुचि २ बमोजिमको ढाचामा चौमासिक प्रगती विवरण तयार गर्नु पर्नेमा चौमासिक लक्ष्य प्रगती विवरण तयार गरेको पाइएन । त्यसबाट स्विकृत कार्यक्रम अनुसार कुनकुन कार्यक्रम सन्चालन भए, कुन कार्यक्रम सन्चालन भएनन्, कुन कुनमा तोकिएको लक्ष्य भन्दा न्यून प्रगती भयो यकिन गर्न सकिएन । | |
| ६९. | **लाभग्राहीको अभिलेख:** पालिकाले विगत वर्षमा कुन कुन व्यक्ति सस्था लाभग्राहीलाई वस्तुगत, नगद तथा परामर्श सेवा प्रदान गरेको थियो, यो वर्ष कुनु-कुनु लाभग्राहीलाई के-के अनुदान दियो अभिलेख राखेको छैन । अभिलेख नराख्दा एउटै व्यक्ति सस्थालाई पटक पटक अनुदान जानसक्ने र कतिपय अत्यावश्यक अवस्थामा सेवासुविधा पाउनबाट बञ्चित हुनसक्ने देखिन्छ । | |
| ७०. | **लाभग्राही छनौट मापदण्ड** : कृषकको व्यवसायिक क्षमता, जनशक्ति, समुदायमा पुऱ्याउन सक्ने योगदान, विगतमा पालिका र अन्य निकायहरुबाट कुनै किसिमको वस्तुगत तथा नगद अनुदान प्राप्त गरेको भए सो समेतलाई आधारलिई वस्तुनिष्ट आधार तयार गरी प्रस्तावकहरु मध्येबाट उत्कृष्ट ठानिएको लाभग्राहीलाई छनौट गर्नु पर्नेमा रु ५०३७६५।०० मूल्य बराबरका निम्नानुसारका सामान वितरण गर्दा लाभग्राही छनौट गर्दा छनौटको आधार खुलाएको छैन । वस्तुनिष्ट मापदण्ड तथा कार्यविधि तयार गरी लाभग्राही छनौट गरीनु पर्दछ । यसबाट प्राथमिकता प्राप्त क्षेत्रमा अनुदान रकम गयो गएन खुलासा हुन सकेन । | |

| ब.उ.शि.नं. | गौ.भौ.नं. मिति | अनुदान प्रयोजन | अनुदान पाउने | रकम |
|---|---|---|---|---|
| कृषि सर्शत | १५५।२०७६.३.२७ | पशुपालन फारम अनुदान | दुई पशुपालन फर्म | १,४०,०००।०० |
| पुजिगतकृषि सर्शत | ४।२०७५।११।३० | डिपवोरिङ सिंचाई | समाज उत्थान कृषि स.स. लि | ३६३७६५।०० |
| | | | जम्मा | ५०३७६५।०० |

| | | |
|---|---|---|
| ७१. | **शिक्षक अभिलेख :** बिभिन्न बिद्यालयका शिक्षकहरुको बिद्यालयगत दरबन्दी, नियुक्ति, सरुवा, काज, अबकास, आदि खुलेको अभिलेख लेखापरिक्षणको लागि प्रस्तुत नभएकोले शिक्षकहरुलाई लेखेको तलब, भत्ता खर्च भिडान गर्ने आधार भएन । | |

| | | |
|---|---|---|
| ७२. | **दरबन्दी व्यवस्था:** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ८३(१) मा विषयगत महाशाखा तथा शाखाको दरबन्दी संरचना कायम गनुपर्ने उल्लेख छ। पालिकाले बाल विकास समेत २० सामुदायिक शैक्षिक संस्था लाई अनुदान दिएकोमा कुन कुन शैक्षिक संस्था विद्यालयमा कुन कुन तहको के कति दरबन्दी रहनुपर्ने हो सो स्वीकृत गरेको पाईएन । पालिकाले उपलब्ध शिक्षक कर्मचारीहरुलाई आन्तरिक रुपमा आवश्यकता अनुसार खटाएको पाईयो । यस सम्बन्धमा पालिकाको शिक्षा शाखा प्रमुखलाई सोधिएकोमा देशका सम्पूर्ण शिक्षक कर्मचारीहरुको दरबन्दी शिक्षा मन्त्रालयमा पूल दरबन्दीको रुपमा रहेको जानकारीमा आयो । तालुक निकाय तथा पालिकाबाट विद्यालयगत शिक्षक दरबन्दी मिलान गरी अभिलेख व्यवस्थापन गर्नुपर्दछ । | |
| ७३. | **नमुना मा.वि. अनुदान:** विद्यालयले तयार पारेको पञ्चवर्षिय विकास गुरुयोजनलाई व्यवस्थापन समिति बाट निर्णय गरी शिक्षा विभाग बाट स्वीकृत भए अनुसार यस आ.व.मा पञ्चवर्षिय विद्यालय सुधार गुरुयोजनाको कार्यान्वयन लागि शिक्षा विभागको च.नं. १२० मिति २०७५।१२।२१ को परिपत्र अनुसार जनता नमुना माध्यामिक विद्यालय चोहर्वा लाई रु १ करोड ५० लाख निकासा दिएको छ। गुरुयोजना अन्तर्गत सो बाट भए गरेको कार्य प्रगती प्रमाणित भई आएन सो कार्यको स्थानीय निकाय बाट अनुगमन नियमन एवं प्राविधिक सहयोग गर्नुपर्ने व्यहारो पत्रमा उल्लेख छ। सो अनुसारको प्रगति प्रतिवेदन खर्चका विल भरपाई पेश हुन आएन अत: उक्त कार्यको नियमित अनुगमन गरी नियमन गर्नुपर्दछ । | |
| ७४. | **पाठ्यपुस्तक अनुदान:** यस पालिकाले पालिका अन्तरगतका २७ विद्यालयका ६२२२ विद्यार्थीलाई पाठ्यपुस्तक वितरणको लागि विवरण तयार गरेकोमा प्रथम किस्ता बापत भौ नं १०९ वाट पुरै शत प्रतिशत रु २५५०१९४।०० तथा दोस्रा किस्ता भौ नं १३७ वाट रु ३,४९,६१७।०० र तेस्रो किस्ता स्वरुप भौ.नं १६२ बाट रु ६४५४९।०० गरी जम्मा अनुदान रु २९६४३६०।- निकाशा दिएको छ। शुरुमै शतप्रतिशत अनुदान दिईसकेपछि विवरण भन्दा रु ४१४१६६।०० बढी भुक्तानी गरेकोमा सोको कारण सहितको संशोधित वितरित विवरण पेश हुनु पर्दछ। साथै कुल निकासा रकमको विल भरपाई विद्यालयगत रुपमा पेश हुनु पर्ने रु | २९६४३६०।०० |
| ७५. | **कट्टी रकमको दाखिला प्रमाण पेश नभएको:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) मा विल भरपाई सहितको लेखा राख्नुपर्ने उल्लेख छ। विद्यालयले चौमासिक निकासा माग फाराम पेश गर्दा अघिल्लो चौमासिक मा तलव भत्ता वित्तरण गर्दा कट्टी भएको सा.सु. कर, पा..कर, ना.ल.कोष., क.सं कोष कट्टी तथा सापटि कट्टी को सक्कल प्रमाण पेश गनुपर्नेमा सो गरेको छैन। यसबाट सम्बन्धित शिक्षकको नाममा सम्बन्धित निकायमा रकम जम्मा भएको छ भन्ने विश्वस्त आधार भएन। | |
| ७६. | **पारिश्रमिक कर:** आयकर ऐन २०५८ को दफा ८७ मा रोजगारदाताले कर्मचारीको पारिश्रमिक भुक्तानी गर्दा करयोग्य आयमा लाग्ने कर अग्रिम रुपमा कट्टागरी दाखीला गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले बिभिन्न विद्यालयका शिक्षकहरुको पारिश्रमिक भुक्तानी गर्दा कर कट्टा एवं दाखिला गरेको देखिएन । पछिल्लो चौमासिक निकासा लैजादा कर दाखिलाको प्रमाण पेश हुनु पर्दछ। सो नभएकोले विद्यालयवाट लिएको अन्य सुविधा समेत गणना गरी कर कट्टीको प्रमाण पेश हुनु पर्दछ। . | |
| ७७. | **विद्यालयगत निकासा खाता :** कार्यालयले प्रत्येक विद्यालयको स्थायी, अस्थायी दरवन्दी र राहत कोटामा कार्यरत शिक्षकहरुको नाम, नियुक्ति मिति, तलव ग्रेड र विद्यालयलाई निकासा जाने सबै रकमहरु देखिने गरी विद्यालयगत निकासा खाता राखेको देखिएन। विद्यालयहरुलाई प्रथम दोश्रो र तेश्रो गरी तलव भत्ता स्वरुप जाने निकासाहरुको कम्प्यूटर सफ्टवेयरबाट अभिलेख राखेको भएतापनि विभिन्न कारणले चौमासिक छुट निकासा तथा सबै अनुदान र अन्य निकासा हुने सबै अनुदानहरु सफ्टवेयरबाट देखाउने गरेको देखिएन। यसरी छुट निकासा तथा सबै अनुदानहरु सफ्टवेयरमा नदेखाउने भएकोले थप निकासाका रुपमा जाने तलव भत्ता र विभिन्न अनुदान रकमहरुको विद्यालयगत रुपमा गएको निकासा रकमको स्थिती स्पष्ट हुन सकेन। विद्यालयलाई जाने सबै रकमहरु देखिने गरी सफ्टवेयरमा प्रविष्ट गरी विद्यालयगत रकम निकासाको एकिकृत अभिलेख राख्नु पर्ने देखिन्छ। | |
| ७८. | **फरक तथ्यांक :** पालिकाले विद्यार्थीहरुलाई पाठ्यपुस्तक उपलब्ध गराउन तयार गरेको विवरणमा उल्लिखित संख्या र बुक कर्नर वापत अनुदान उपलब्ध गराउन तयार गरेको संख्या फरक फरक देखिएको छ। पाठ्यपुस्तक वितरण प्रयोजन उल्लेख गरेको विवरण भन्दा बुक कर्नर वापत उपलब्ध गराउन तयार गरेको तथ्यांक बढी देखिएकोले सो आधारमा बढी भुक्तानी भएको निम्नानुसार रकमका सम्बन्धमा प्रमाण भए पेश गर्ने अन्यथा | |

असुल हुनु पर्ने रु. ४०५९५०।०

| तह | पाठ्यपुस्तक विवरणमा उल्लिखित संख्या | बुक कर्नरमा उल्लिखित संख्या | फरक | दर | रकम रु |
|---|---|---|---|---|---|
| आधारभुत प्राथमिक कक्षा १-५ | ३८६५ | ४९४७ | १०८२ | १५०। | १६२३००।० |
| निम्न माध्यमिक कक्षा ६-८ | १४०९ | २०६१ | ६५२ | २०० | १,३०,४००।० |
| माध्यमिक कक्षा ९-१० | ९४८ | १४०१ | ४५३ | २५० | ११३२५०।० |
| | | | | जम्मा | ४०५९५०।० |

७९. **विद्यालय भवन**आर्थिक कार्यविधि नियमावली, २०६४ नियम ३६(३) अनुसार खर्चको विल भरपाई सहितको श्रेस्ता राख्नुपर्ने व्यवस्था छ । त्यस्तै शिक्षा मन्त्रालयवाट स्विकृत कार्यक्रम कार्यन्वयन पुस्तिका २०७५।७६ अनुसार पहिलो पटक कामको मुल्यांकन गरी पहिलो किस्ता, फिनिसिङ्ग बाहेक काम सम्पन्न गरी दोस्रो किस्ता र सम्पुर्ण कार्य सम्पन्न गरी नापी किताव भरी अन्तिम कार्यसम्पन्न गरी अन्तिम किस्ता वापत रकम भुक्तानी दिने व्यवस्था भएकोमा विल भरपाई नापि किताव र कार्यसम्पन्न प्रतिवेदन पेश नभएको रु ४६०४०००।०

| ब.उ.शि.नं. | गौ.भौ.नं. मिति | अनुदान पाउने | अनुदान प्रयोजन | रकम |
|---|---|---|---|---|
| ” | १४६।२०७६.३.२९ | ज.मा.वि गोलबजार | भवन रेक्टो फिटिङ ,सम्झौता वेगरसोझै खातामा निकासा | १५०००००।० |
| ” | १५१।२०७६.३.३१ | जन .मा.वि गोलबजार | चारकोठे पक्कि भवन , सम्झौता वेगरसोझै खातामा रोक्का रहने गरी निकासा | ३१०४०००।० |
| | | | जम्मा | ४६०४००० |

८०. **विद्यार्थी अभिलेख :** पालिकाले विद्यार्थीको विद्यालयगत तथा कक्षागत छात्र, छात्रा, दलित, लोपोन्मुख तथा जनजाति, अपांग तथा सिमान्तकृत विवरण खुलाई प्रमाणित तथ्यांक अभिलेख राखेको पाइएन । यसरी विवरण खुलाई अभिलेख नराखिँदा उपलब्ध गराएको पाठ्यपुस्तक, छात्रवृत्ति, बुक कर्नर तथा निरन्तर विद्यार्थी मुल्यांकन वापत उपलब्ध गराएको रकम यथार्थ तथ्याङ्कमा आधारीत छ भन्न सक्ने अवस्था रहेन ।

८१. **वर्षान्तमा अनुदानः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७८ मा बजेट फ्रिज हुन नदिने उद्देश्यले पेश्कीको रुपमा कसैलाई रकम दिन नहुने व्यवस्था छ । यस नगरपालिकाले विभिन्न शैक्षिक संस्थालाई विभिन्न प्रयोजनका लागि अनुदान भनि आर्थिक वर्षको अन्त्यमा अनुदान दिएको पाईयो । बजेटले अपेक्षा गरे अनुरुप आर्थिक वर्षभित्रमा सोहि प्रयोजनमा प्रगती हासिल गर्नुपर्नेमा हासिल हुन सकेको देखिएन ।

| भौ.नं र मिति | अनुदान पाउने विद्यालय | प्रयोजन | रकम |
|---|---|---|---|
| १३८।२०७६।३।२४ | जन .मा.वि गोलबजार | पुस्तकालय स्थापना | ४६६२९७ |
| १४२।२०७६।३।२५ | सरसती मा.विमा.वि.,तेतरीया,जमदह | सूचना प्रविधि व्यवस्थापन | ६,५०,०००।- |
| १४२।२०७६।३।२५ | सरसती मा.विमा.वि.,तेतरीया,जमदह | विज्ञान प्रयोगशाला स्थापना | ६,५०,०००।- |
| १४२।२०७६।३।२५ | जन.उ.मा.वि गोलबजार | प्राविधिक धारको विद्यालय संचालन अनुदान | १६,०६,०००।- |
| १४२।२०७६।३।२५ | जन .मा.वि गोलबजार | प्रयोगशाला अनुदान | २०००००।०० |
| १४२।२०७६.३.२५ | शंकर शिक्षासामुदायिक सिकाई केन्द्र, | अनौपचारीक शिक्षा | २०००००।०० |
| १४२।२०७६.३.२५ | सिर्जनसिल सामुदायिक सिकाई केन्द्र, | अनौपचारीक शिक्षा | २०००००।०० |
| १३७।२०७६.३.२४ | जामे अतुल बनात कन्या पाठशाला | मदरसा सहयोग | ५०००००।०० |
| १३७।२०७६.३.२४ | मदरसा रहमानिया आलसाफिया, गोन्दिपुर, चन्द्रोदयपुर | मदरसा सहयोग | २००००।०० |

उपर्युक्त अनुदान रकमको कार्यान्वयन अवस्था जानकारी हुन नआएकोले अनुगमन गरी सोही प्रयोजनमा उपयोग भए नभएको विश्लेषण गरी प्रभावकारीता मूल्यांकन गरिनुपर्दछ ।

८२. **नतिजा विश्लेषण खर्च** : ११७।२०७६।२।२१ बाट कक्षा ८ को परीक्षाको नतिजा विष्लेषण खर्च वापत २१ जना लाई रु ४०००।०० का दरले रु ८४०००।०० भुक्तानी दिएको पाईयो । खर्च पाउने आधार मापदण्ड तथा करकट्टी मात्र गरी भुक्तानी गरेकोमा भुक्तानी गर्न पाउने आधार प्रमाण पेश हुन नआएकोले पेश हुनु पर्ने रु ८४०००।००

८३. **बढी तलव निकासा** : तेस्रो किस्ता निकासा दिंदा निम्नानुसार विद्यालयहरुलाई रु १२०००।०० मात्र निकासा दिनु पर्नेमा रु २४०००।०० दिएकोले बढी निकासा भएको रकम संचित कोष दाखिला हुनुपर्ने रु १२०००।००

| गो.भौ.नं र मिति | विद्यालय | निकासा हुनुपर्ने रकम | निकासा भएको रकम | बढी निकासा |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| ११२।२०७६.१.१७ | दलित प्रा.वि मुक्सार ५ कास पारिश्रमिक | ६०००।०० | १२०००।०० | ६०००।०० |
| ११२।२०७६.१.१७ | आधारभुत विद्यालय वेतौना ५ | ६०००।०० | १२०००।०० | ६०००।०० |

८४. **अनुगमन** : पालिकाले निम्नानुसारका संस्थालाई देहायको प्रयोजनको लागि निम्नानुसारको अनुदान दिएकोमा संस्थाहरुबाट विल विजक प्रगति प्रतिवेदन लिई निरन्तर अनुगमन मुल्याङ्कक गरिएको पाईएन विगत वर्ष र यो वर्ष कुन कुन संस्थालाई के प्रयोजनको लागि कति अनुदान रकम उपलब्ध गराईएको थियो सोहि प्रयोजनमा खर्च भयो भएन अनुगमन गरी खर्चको उपादेयता मूल्याङ्कन गरिनु पर्दछ ।

| ब.उ.शि.नं. | गौ.भौ.नं. मिति | अनुदान प्रयोजन | अनुदान पाउने | रकम |
|---|---|---|---|---|
| पूजिगतकृर्षि सर्शत | ४।२०७५।११।३० | डिपवोरिङ सिंचाई | समाज उत्थान कृषि स.स. लि | ३६३७६५।०० |
| स्वास्थ्यसर्शत | १६०।२०७६.३.३१ | स्वास्थ्यकेन्द्र स्थापनार्थ फर्निचर खरिद | शहरी स्वास्थ्यकेन्द | ४२४४२८ |
| शिक्षा सशर्त | १३८।२०७६।३।२४ | जन .मा.वि गोलबजार | पुस्तकालय स्थापना | ४६६२९७ |
| | १४२।२०७६।३।२५ | सरसती मा.वि ,तेतरीया, जमदह | सूचना प्रविधि व्यवस्थापन | ६,५०,०००।- |
| | १४२।२०७६।३।२५ | सरसती मा.वि., तेतरीया, जमदह | विज्ञान प्रयोगशाला स्थापना | ६,५०,०००।- |
| ” | १४२।२०७६।३।२५ | जन .उ.मा.वि गोलबजार | प्राविधिक धारको विद्यालय संचालन अनुदान | १६,०६,०००।- |
| ” | १४२।२०७६।३।२५ | ज.मा.वि गोलबजार | प्रयोगशाला अनुदान | २०००००।०० |
| | १४२।२०७६.३.२५ | शंकर शिक्षासामुदायिक सिकाई केन्द्र,मुक्सार | अनौपचारीक शिक्षा | २०००००।०० |
| | १४२।२०७६.३.२५ | सिर्जनसिल सामुदायिक सिकाई केन्द्र,मुक्सार | अनौपचारीक शिक्षा | २०००००।०० |
| | १३७।२०७६.३.२४ | जामे अतुल बनात कन्या पाठशाला | मदरसा सहयोग | ५००००००।० |
| | १३७।२०७६.३.२४ | मदरसा रहमानिया आलसाफिया, गोन्दिपुर ,चन्द्रोदयपुर | मदरसा सहयोग | २००००।०० |
| | १२१।२०७६।२।२९ | गुरुयोजना कार्यान्वियन जनता नमुना मा.वि चोहर्वा | गुरुयोजना कार्यान्वियन | १५०००००० |

८५. **श्रोता सर्भेक्षण खर्च** : १५४।२०७६।२।६ क्षयरोग सम्बन्धित प्रशारित सन्देशको श्रोता सर्भेक्षण अनुगमन भनि रु ९६००।०० लेखेकोमा खर्च गर्न पाउने आधार मापदण्ड नदेखिएकोले पेश हुनु पर्ने अन्यथा असुल हुनु पर्ने रु ९६००।००

| पद नाम | दिन | दर | रकम |
|---|---|---|---|
| स्वा संयोजक पवन कुमार पंजियार | ३ | १६०० | ४८०० |
| स.स्वा संयोजक शत्रुघन साह | ३ | १६०० | ४८०० |

८६. **नर्म्स भन्दा बढी भुक्तानी** : अर्थ मन्त्रालय कार्यसन्चालन निर्देशिकाको दफा ७.१.१५ को ४ मा सम्बन्धित कार्यालयको स्रोत व्यक्तिले सहायक स्तरको प्रशिक्षण तालिममा कक्षा संचालन गर्दा कार्यपत्रको रकम मात्र पाउने उल्लेख छ । नमुना छनोटका आधारमा परिक्षण गर्दा पालिकाका निम्नानूसार कर्मचारीले कक्षा सन्चालन गर्दा कक्षा लिएबापतको रकम रु १५००।०० का दरले भुक्तानी लिएकोले बढी भुक्तानी भएको रकम तथा नर्म्स अनुसारको रु ८००।०० को दर भन्दा बढी भुक्तानी भएकोले अन्य रकम समेत एकिन गरी असुल हुनुपर्ने रु .. ४२४२५।००

| व.उ.शि.नं | भौ.नं. र मिति | कार्यकमको नाम | भुक्तानी लिने को नाम | भुक्तानी लिएको रकम | नर्म्स अनुसार पाउने रकम | कर बाहेक बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| शसर्त कृषि | ८७।२०७५।११।२३ | कृषक पाठशाला | कृ. प्र अश्री रामनारायण महतो कक्षा ६ | ९०००.०० | ४८०० | ३७५० |
| शसर्त कृषि | १२०।२०७६।२।२९ | कृषक पाठशाला | कृ. प्र अश्री रामनारायण महता १० कक्षा | १५००० | ८००० | ५९५० |
| शसर्त कृषि | ८७।२०७५।११।२३ | कृषक पाठशाला | प्रा.स.श्री सत्यनारायण श्रेष्ठ३ कक्षा | ४५०० | २४०० | १७८५ |
| शसर्त कृषि | १२०।२०७६।२।२९ | कृषक पाठशाला | प्रा.स.श्री सत्यनारायण श्रेष्ठ १० कक्षा | १५००० | ८००० | ५९५० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| शसर्त आयूवेद | ८४।२०७५।११।२३ | योग शिविर प्रशिक्षण | ३ प्रशिक्षक १० दिन | ४५००० | २४००० | १७८५० |
| पूजिगत शसर्त कृषि शसर्त | ३।२०७५।११।२४ | अगुवा कृषक तालिम | ७ प्रशिक्षक १२ कक्षा | १८००० | ९६०० | ७१४० |
| | | | | जम्मा | | ४२४२५।०० |

८७. **प्रमाण** भौ नं. ४ मिति.२०७५।११।३० समाज उत्थान कृषि सहकारी संस्थालाई गो.न.पा १३ दुर्गापुरमा ४ इन्च डिपवोरिङ गरेवापत सम्झौता अनुसार रु ३६३७६५।०० अनुदान दिएकोमा ज्यामि ज्याला वापत रु ११९७००।०० को फाँटवारी पेश भएको छ। अन्य रकमको विल पेश नभएकोले पेश हुनुपर्ने रु २४४०६५।००

८८. भौ नं. ६ मिति.२०७५।११।३० सहकारी खेति साना सिचाई मल विउ ढुवानी कार्यक्रम अन्तरगत समाज उत्थान कृषि.स.स.लि लाई शिव विज भण्डारको विजक नं ७८६।२०७५।११।१८ बाट रु ५५८००।०० मूल्यका १६४ पाकेट तरकारी विउ खरिद गरी हस्तान्तरण गरेकोमा वितरण को भपाई पेश नभएको रु ५५८००।००

८९. **पेश्की** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७४(३) मा पेश्की दिएको रकम तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने व्यवस्था छ। निम्नानुसार पेश्की गएको रकम आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट नभई वांकी रहेको देखिएकोले नियमावली अनुसार फछ्र्यौट गर्नुपर्ने देखिएको रु ३८८९५८०.

| सि.नं. | पेश्की लिनेकोनाम | पद | विवरण | पेश्की रकम रु | पेश्की पाएकोमिति | जम्मा पेश्कीबाँकी |
|---|---|---|---|---|---|---|
| १ | श्री राम नारायण महतो | कृषि अधिकृत | कृषि कार्यक्रम वापत | १५००००. | ०७५।०६।११ | १५००००. |
| २ | श्री लक्ष्मी नारायण यादव | कविराज निरी | ३ वटा ३ दिने निशुल्क शिविर | १५००००. | ०७६।०१।०६ | १५००००. |
| ३ | श्री राम नारायण महतो | कृषि अधिकृत | आँपको विरुवा खरिद कार्यक्रम | ३९९८८०. | ०७६।०३।०९ | ३९९८८०. |
| ४ | श्री राम नारायण महतो | कृषि अधिकृत | लिचि कार्यक्रम वापत | १०००००. | ०७६।०३।०९ | १०००००. |
| ५ | श्री बबिता कुमारी साह | बैध निरीक्षक | ५ वटा निशुल्क योग शिविर | २५००००. | ०७६।०३।०३ | २५००००. |
| ६ | श्री शत्रुधन शाह | | सुत्केरी स्याहार वापत | १०००००. | ०७५।१०।२९ | १०००००. |
| ७ | श्री सहेन्द्र कुमार यादव | खरिदार | असाय सहायता विपन्न दैवी | २०००००. | ०७५.११.१९ | २०००००. |
| ८ | श्री महेश कुमार राय | पशु वि. अ | पशु सेवा संचालक कार्यक्रम | २५०००. | ०७५.११.३० | २५०००. |
| ९ | श्री लक्ष्मी नारायण यादव | कविराज निरी | नगर आर्युवेद सेवा शाखा | २५०००. | ०७५.११.२१ | २५०००. |
| १० | श्री आनन्द विक | सवारी चालक | रोडरोलर मर्मत | १५०००. | ०७६.०२.०८ | १५०००. |
| ११ | श्री भरत पंडित मुदा | खरिदार | न.पा.को मुद्धा मामिला | ७५०००. | ०७६.०३.१९ | ७५०००. |
| १२ | श्री दिनेश कुमार सहनी | सु प्र अधिकृत | आई.सि.टि. तालिम संचालन गर्न | २२५०००. | ०७५.११.२४ | २२५०००. |
| १३ | श्री शत्रुधन साह | सि.अ.ह. अधिकृ | अन्य भत्ता | ३३०००. | | ३३०००. |
| १४ | श्री लक्ष्मीनारायण यादव | कविराज निरीक्ष | गाउँघर शहरी क्लिनिक | १०००००. | | १०००००. |
| १५ | श्री लक्ष्मीनारायण यादव | कविराज निरीक्ष | जेष्ठ नागरिक | ५००००. | | ५००००. |
| १६ | श्री लक्ष्मीनारायण यादव | कविराज निरीक्ष | पंचकर्म | ४५०००. | | ४५०००. |
| १७ | श्री लक्ष्मीनारायण यादव | कविराज निरी | स्थानीय जडिबुटी | ४००००. | | ४००००. |
| १८ | श्री पवन कुमार पंजियार | सि.अ.ह. | कार्यालय मसलन्द | ८६०००. | | ८६०००. |
| १९ | श्री शत्रुधन साह | सि.अ.ह. | पुणखोप सुनिश्चिता | २५०००. | | २५०००. |
| २० | श्री शत्रुधन साह | सि.अ.ह. | रोटा खोप | २५०००. | | २५०००. |
| २१ | श्री शत्रुधन साह | सि.अ.ह. | खोप दिगोपना | ७००००. | | ७००००. |
| २२ | श्री शत्रुधन साह | सि.अ.ह. | पुर्णखोप अभिमुखिकीकरण | ४५०००. | | ४५०००. |
| २३ | श्री शत्रुधन साह | सि.अ.ह. | औषधी ल्याव | २५०००. | | २५०००. |
| २४ | श्री पवन कुमार पंजियार | सि.अ.ह. | पुनः उपचार | २८०००. | | २८०००. |
| २५ | श्री पवन कुमार पंजियार | सि.अ.ह. | पोषण सम्वन्धी | ३५०००. | | ३५०००. |
| २६ | श्री महेश कुमार राय | ना.प.से.प्रा. | डिजिटल | ४४०००. | | ४४०००. |
| २७ | श्री महेश कुमार राय | ना.प.से.प्रा. | पशु आहारा | १६८०००. | | १६८०००. |
| २८ | श्री महेश कुमार राय | ना.प.से.प्रा. | नश्ल सुधार | १४००००. | | १४००००. |
| २९ | श्री महेश कुमार राय | ना.प.से.प्रा. | पशु पंक्षी | १०००००. | | १०००००. |
| ३० | श्री निरंजन शाक्य | | आमा सुरक्षा | २२४०००. | | २२४०००. |
| ३१ | श्री पवन कुमार पंजियार | सि.अ.ह. | | २५००००. | | २५००००. |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३२ | श्री शत्रुधन साह | सि.अ.ह. | | ७००००. | | ७००००. |
| ३३ | श्री शत्रुधन साह | सि.अ.ह. | | २४०७००. | | २४०७००. |
| ३४ | श्री शत्रुधन साह | सि.अ.ह. | | २०७०००. | | २०७०००. |
| ३५ | श्री पवन कुमार पंजियार | सि.अ.ह. | | १२४०००. | | १२४०००. |
| | | | **कुल जम्मा** | ३८८९५५०।०० | | ३८८९५८०. |

९०. प्रधानमन्त्रि रोजगार कार्यक्रम :

प्रधानमन्त्रि रोजगार कार्यक्रम कामका लागि पारिश्रमिक, रोजगार तथा सामाजिक सुरक्षा कार्यान्वयन अन्तरगत अन्तरक्रिया, वेरोजगारको तथ्याङ्क संकलन तथा ७८ जना बिरोजगार युवाहरुलाई ३० दिनको बाटो मर्मत, निर्माण, बृक्षरोपण, सरसफइ जस्ता कार्यमा रोजगारी दिइ रु १२०९७८०।००भुक्तानी दिएको पाइयो । वेरोजगारको तथ्याङ्क फारम संकलन गरेको भएता पनि तथ्याङ्क आधार (डाटा वेश) तयार गरि लगत तथा प्रतिवेदन तयार गरेको पाइएन ।

९१. **आन्तरिक लेखापरिक्षणः** आन्तरिक लेखापरिक्षणबाट औल्याएको बेरुजू आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार अन्तिम लेखापरिक्षण हुनु अगाडी नियमित तथा असूल/फछ्र्यौट गरिसक्नुपर्ने व्यवस्था अनुसार फछ्र्यौट नभएका निम्नानुसार व्यहोरा कायम गरिएको छः

१ शिक्षा कृषि र स्वास्थ्य संस्थाहरुमा खप्ने र नखप्ने सामानहरु खरिद गर्दा जिन्सी खाताको प्रयोग व्यवस्थित तरिकाले राख्नु पर्ने र जिन्सी निरिक्षण समेत गराउनु पर्ने ।

२ प्राविधिक काममा डोर हाजिरीमा सम्वन्धित प्राविधिकले डोर हाजिर प्रमाणित गर्नु पर्ने देखिन्छ । साथै कामदारहरुको नागरिकता प्रमाणपत्रको फोटोकपी राख्नु पर्ने देखिन्छ ।

३ भ्रमण अधिलेख खाता राख्नु पर्ने । नगरपालिका तथा वडा कार्यालयहरुमा इन्धन खर्च गर्दा इन्धनको लगबुक अनिवार्य राख्नु पर्ने ।

४ विद्यालयको खातामा पाठयपुस्तक मसलन्ध जस्ता रकमहरु सोझै खातामा हालेको पाइयो । सो रकमको वील भरपाई न.पा. मा समेत राख्नुपर्ने देखिन्छ ।

५ कतिपय डोर हाजिरीमा मिति उल्लेख नभएकोले सम्वन्धित शाखाले उपभोक्तालाई दिशानिर्देश गराउनुपर्ने देखिन्छ ।

९२. यस डोर मूकामको च.नं. २२ मिति ०७६।७।२६ को पत्रबाट माग गरिएको विवरण मध्ये निम्नानुसार विवरण प्राप्त नभएकोले सो वारेमा विश्लेषण गर्न सकिएन ।

फाराम १ वोलपत्र, सिलवन्दि दरभाउपत्र वेगर काम टुक्रा पारी खरिद गरेको
फाराम २ बोलपत्रको तुलना वोलपत्रमा सहभागिता र लागत कवोल अंक
फाराम ३ ठेक्का वन्दोवस्त सम्वन्धी विवरण
फाराम ४ कोष सम्वन्धी विवरण
फाराम ५ म्याद थप सम्वन्धी विवरण
फाराम ६ कन्टेन्जेन्सी सम्वन्धी विवरण
फाराम ८ वार्षिक लक्ष्य तथा प्रगति
फाराम ९ अधोरो निर्माण कार्यको विवरण
फाराम १० परामर्श खर्च सम्वन्धी विवरण
फाराम ११ अन्य प्रयोजनको खर्च
फाराम १२ निर्माण ठेक्काको वि ओ क्यू मा समावेश गरी खरिद गरिएको सवारी साधनको विवरण
फाराम १३ कानुन र मापदण्ड वेगरको सुविधा
फाराम १४ स्रोत उपभोग र उपलब्धीको विवरण
फाराम १८ थप सुविधाको विवरण
फाराम २० दरवन्दी र पदपुर्ति विवरण
फाराम २१ जिल्ला समन्वय समितिको अधुरा योजना स्थानीय तहमा हस्तान्तरणको विवरण
फाराम २४ असूल गर्न बाँकी आय
फाराम २५ पेश्कीको एकिकृत विवरण

९३. **बेरुजूः** नगरपालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो बर्ष असुल गर्नुपर्ने रु. ६६ लाख, नियमित गर्नुपर्ने रु ५८ लाख ८० हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. २ करोड ८० लाख ७३ हजार र पेश्की रु.३८ लाख ९० हजार समेत रु. ४ करोड ४४ लाख ४३ हजार बेरुजू कायम भएकोमा प्रतिकृया प्राप्त नभएकोले सोहि बेरुजू

| | | |
|---|---|---|
| | कायम भएको छ। | |
| ९४. | **अनुगमन तथा मूल्याङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्नु पर्ने व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छ : | |

| गत वर्षको वेरुजू रकम (रु) (**A**) | यो वर्ष फछ्र्यौट (**B**) | बाँकी (**C=A-B)** |
|---|---|---|
| ५८०८१२८९.९२ | ० | ५८०८१२८९.९२ |

| | | |
|---|---|---|
| ९५. | **अद्यावधिक वेरुजू स्थिति :** यस नगरपालीकाको आर्थिक वर्ष २०७५।७६ सम्मको फछ्र्यौट गर्न बाँकी वेरुजू स्थिति देहाय अनुसार रहेको छ : | |

| गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु) | यो वर्षको सं.पं बाट कायम वेरुजू रु | यो वर्षको कायम वेरुजू ( रु) | बाँकी वेरुजु (रु) |
|---|---|---|---|
| ५८०८१२८९.९२ | ० | ४४४४२८०८.३७ | १०२५२४०९८.२९ |

अनुसूची - १

## बेरुजू वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## आर्थिक वर्ष २०७५।७६

(रु हजारमा)

| सि.नं | स्थानीय तहको नाम | जिल्ला | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिमेवार नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १ | गोलबजार नगरपालिका | सिरहा | ७० | २९ | ४४४४३ | ० | ० | ० | ७० | २९ | ४४४२९ | ६६०० | ५८८० | २८०७३ | ० | ० | ३३९५३ | ३८९० | ० | ३८९० |

अनुसूची - २

## स्थानीय तह संचित कोष विवरण
## आर्थिक वर्ष २०७५।७६

(रु हजारमा)

| सि.नं. | स्थानीय तह | जिल्ला | आय | | | | | व्यय | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गतवर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | जम्मा आय | चालु खर्च | पूँजिगत खर्च | अन्य खर्च | जम्मा खर्च | मौज्दात बाँकी |
| | | | १ | २ | ३ | ४ | ५=(२+३+४) | ६ | ७ | ८ | ९=(६+७+८) | १०=(१+५-९) |
| १ | गोलबजार नगरपालिका | सिरहा | ९०१४३ | १५०७८४ | ३५६७४१ | ३११९९ | ५३८७२४ | ३१७७३२ | १४५६७९ | ८१६२ | ४७१५७३ | १५७२९४ |

अनुसूची- ३

## अद्यावधिक बेरुजू स्थिति
## आर्थिक वर्ष २०७५।७६

(रु हजारमा)

| सि.नं. | स्थानीय तह | जिल्ला | गत वर्षको बाँकी | यो वर्षको फछ्र्यौट | बाँकी | यो वर्ष सं.प.बाट कायम भएको बैरुजू | यो वर्षको बेरुजू | कुल बाँकी बेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | गोलबजार नगरपालिका | सिरहा | ५८०८१ | ० | ५८०८१ | ० | ४४४४३ | १०२५२४ |